**काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?**

हुनुहुन्छ भने:
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निश्शुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८१ वैशाख १५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 27 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३५

**जनहितमा जारी सन्देश**

- चर्को गर्मीमा रिङटा लाग्ने ।
- कीरा फट्याङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- लूको बेला वृद्धवृद्धा नागरिक घर भित्रै बसौं । बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

## ग्रामीण क्षेत्रमा सुरक्षित गर्भपतनको सेवा छैन

प्रस, सेढवा, १४ वैशाख/
पर्साका ग्रामीण भेगका बासिन्दाहरू अहिले पनि पूर्णरूपमा स्वास्थ्य सेवाबाट वञ्चित छ । यस क्षेत्रका नागरिकहरूले स्वास्थ्य सेवा अन्तर्गत सुरक्षित गर्भपतन सेवा पाउनबाट वञ्चित छन् ।



तस्वीरः प्रतीक

गर्भधारण भएको १२ हप्तासम्म गर्भपतन गर्ने कानूनी व्यवस्था रहे पनि यस क्षेत्रमा यो सेवा उपलब्ध नरहेको स्थानीयले बताएका छन् । जसका कारण सुरक्षित गर्भपतन गर्न वीरगंजस्थित मेरी स्टोप्स, नारायणी अस्पताल तथा निजी अस्पतालमा जानुपर्ने बाध्यता रहेको छ ।

जिल्लाका ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, छिपहरमाई, धोबिनी गाउँपालिकामा दर्जनौं स्वास्थ्य संस्था रहे पनि सुरक्षित गर्भपतन सेवा उपलब्ध नरहेको सम्बन्धित पालिकाका स्वास्थ्य शाखा प्रमुखहरूले बताए । तालीमप्राप्त स्वास्थ्यकर्मीहरू नभएका कारण सेवा सञ्चालन गर्न नसकिएको स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

ठोरी गापाका स्वास्थ्य शाखा प्रमुख रमेश थिङका अनुसार सुरक्षित गर्भपतनसम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गरे पनि सञ्चालनमा ल्याउन नसकिएको बताए । सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि सम्पूर्ण प्रक्रिया पुर्‍याइ अनुमतिका लागि प्रदेश स्वास्थ्य निर्देशनालय जनकपुर पठाइएको थिङले बताए । अनुमति पाएपछि केही सातामा यो सेवा सञ्चालनमा ल्याइने थिङले बताए ।

जीराभवानी गापा–२ सेढवा स्वास्थ्य चौकीका इन्चार्ज ज्ञानकिशोर प्रसादले पाँच वर्षअगाडि सो सेवा गापामा सञ्चालनमा रहेको तर कर्मचारीको सरुवा भएपछि सो सेवा बन्द भएको बताए ।

पोखरिया नपा स्वास्थ्य शाखा प्रमुख सौलेन्द्र मिश्रले पोखरिया अस्पतालमा मेडिकल र सर्जिकल सुरक्षित गर्भपतन गर्ने सेवा सञ्चालनमा रहेको बताए । यहाँ २०८० साउनदेखि फागुनसम्म १४२ जनाले सुरक्षित गर्भपतन गराएको उनले बताए ।

नगरपालिकाबाहेक ग्रामीण भेगका अन्य क्षेत्रबाट सेवाग्राही आउने गरेको स्वास्थ्य शाखा प्रमुख मिश्रले बताए । नेपाल सरकारको नियम अनुसार १२ हप्तासम्मको गर्भपतन गर्ने गरेको उनले बताए । यसका साथसाथै अवस्था हेरेर र चिकित्सकहरूको सल्लाह अनुसार १८ हप्तासम्मको गर्भपतन निश्शुल्क गर्ने गरेको मिश्रले बताए ।

यस क्षेत्रमा यो सेवा सञ्चालनमा नहुँदा सीमावर्ती भारतीय बजार इनर्वा, भङ्गहा, मैनाटाड र सिकटामा जोखिमपूर्ण सेवा लिनुपर्ने बाध्य रहेको सर्वसाधारणको गुनासो छ । जोखिमपूर्ण गर्भपतन गराउँदा कतिपय महिलाहरूको मृत्युसमेत हुने गरेको छ ।

## दुई स्थानीय तहले शिक्षक पदस्थापन गरेन

प्रस, सेढवा, १४ वैशाख/
शिक्षक सेवा आयोगबाट सिफारिश भएर आएका स्थायी शिक्षकहरू पर्साका दुईवटा गाउँपालिकाले पदस्थापन गरेको छैन ।


तस्वीरः प्रतीक

जिल्लाको धोबिनी र सखुवाप्रसौनी गाउँपालिकाले नियुक्ति भएको दुई साता बितिसक्दा पनि पदस्थापन नगरेको शिक्षकहरूले गुनासो गरेका छन् । धोबिनी गापा–२ आसवारी घर भएका शिक्षक सोनालाल महतोका अनुसार शिक्षा विकास तथा समन्वय एकाइ पर्साबाट चैत २८ गते नियुक्तिपत्र बुझेको र धोबिनी गापामा पठाएको बताए । गाउँपालिकाको कार्यालयमा पुग्दा भोलि–पर्सि गर्दागर्दै दुई महीना बितिसकेको महतोले बताए । सो पालिकामा शिक्षा विकास तथा समन्वय एकाइ पर्साले छजना स्थायी शिक्षकलाई पठाएको थियो ।

बाँके जिल्ला घर भई धोबिनी गापामा खटन आएका रामप्रसाद थारूले चैत २८ गतेदेखि गाउँपालिकाको कार्यालयमा बस्दाबस्दै खर्च रकम सकिएपछि घर फर्केको बताए । वैशाख १६ गते आइतवार शिक्षकहरूलाई पदस्थापन गर्ने गापाबाट सूचना आएको हुँदा आइतवार बिहान पुग्ने गरी घरबाट आउने थारूले बताए ।

त्यस्तै, सखुवाप्रसौनी गापामा पनि शिक्षकको पदस्थापन भएको छैन । सो गापामा आएका १४ जना शिक्षकमध्ये ११ जनालाई पदस्थापन गरिएको शिक्षा शाखा प्रमुख नेपालन्दु साहले बताए । पालिकाले शिक्षा विकास तथा समन्वय एकाइ पर्सासँग माग गरिएको तर १४ जना पठाएकाले पदस्थापन गर्न समस्या भएको शाखा प्रमुख साहले बताए ।

तापनि ११ जनालाई पदस्थापन गरी तीनजनालाई एकाइमैं पठाउने शाखा प्रमुख साहले बताए ।

यता ठोरी गाउँपालिकामा स्थायी शिक्षकहरूको पदस्थापन गर्नका लागि १० जना करार शिक्षकलाई खारेज गरिएको शिक्षा शाखा प्रमुख भुपाल जोशीले बताए । शिक्षा विकास तथा समन्वय एकाइ पर्साले १२ जना शिक्षक पठाएकामा एउटा मात्र रिक्त दरबन्दी रहेको जोशीले बताए । एकजना करारका शिक्षक सिफारिश भई आएका र बाँकी शिक्षक पदस्थापनका लागि करारका शिक्षक खारेज गरिएको जोशीले बताए ।

उता पटेर्वासुगौली गापामा पनि स्थायी शिक्षकहरूलाई पदस्थापन गर्न करारलाई खारेज गरिएको छ । एकाइले पठाएका १५ जना शिक्षकका लागि सातवटा रिक्त दरबन्दी रहेको जानकारी आएको छ । सबैको पदस्थापनका लागि करारका आठजना कनिष्ट शिक्षकलाई पदमुक्त गरिएको छ ।

सखुवाप्रसौनी गाउँपालिकाका शिक्षा शाखा प्रमुख नेपालेन्दु साहले गापाले आठजना शिक्षक माग गरेको तर शिक्षा विकास तथा समन्वय एकाइ, पर्साले १४ जना शिक्षक पठाएको बताए ।

पर्सामा यस वर्ष शिक्षक सेवा आयोगले १८२ जना शिक्षकलाई सिफारिश गरेको छ । शिक्षा नियम अनुसार प्रत्येक शिक्षकले एक शैक्षिक सत्र अर्थात् वैशाख १ देखि चैत ३० गतेसम्म कार्य गरेबापत एक ग्रेट पाउने व्यवस्था रहेको छ ।

पालिकाका जनप्रतिनिधिहरूले विद्यालयमा भएका रिक्त साधारण दरबन्दीमा नजीकका व्यक्ति वा आर्थिक लाभ लिई करारमा नियुक्ति गरेका कारण यो समस्या उत्पन्न भएको जनाइएको छ ।

## निश्शुल्क ट्युशन दलित बालबालिकाको लागि प्रभावकारी

प्रस, वीरगंज, १४ वैशाख/
पिस फर दलित्स फाउन्डेशन नेपालको सहकार्यमा पर्सा जिल्लाका चार स्थान र बारा जिल्लाको एक स्थान गरी पाँच ठाउँमा सञ्चालित निश्शुल्क ट्युशनले दलित विद्यार्थीहरूमा शिक्षाप्रति जागरूकता फैलाएको छ ।



दलित समुदायका बालबालिकाहरूको विद्यालयसम्म पहुँच नभएको र विद्यालय भर्ना भएका दलित विद्यार्थीहरू पनि बीचमैं विद्यालयबाट बाहिरिने गरेकामा अहिले फाउन्डेशनले सञ्चालन गरेको निश्शुल्क ट्युशनका कारण दलित विद्यार्थीहरू विद्यालय जाने र बीचमा छाड्ने प्रवृत्तिमा पनि कमी आएको छ । यसका साथै उनीहरूको शैक्षिक गुणस्तरमा पनि वृद्धि भएको छ ।

पिस फर दलित्स फाउन्डेशन नेपाल मधेस प्रदेशका अध्यक्ष मनोज रामले यसपालिको वार्षिक परीक्षामा निश्शुल्क ट्युशन पढिरहेका विद्यार्थीहरूको उत्तीर्ण सङ्ख्यामा वृद्धि भएको बताए । उनले ट्युशन सञ्चालन हुनुअघि दलित विद्यार्थीहरूको उत्तीर्णाङ्क परिणाम १५ प्रतिशत रहेकामा अहिले वृद्धि भएर ५० प्रतिशत पुगेको बताए ।

रामले पर्सा जिल्लाको सखुवाप्रसौनी गाउँपालिका–३ कौवावन कटैया, वडा नं ५ महुवन, वीरगंज महानगरपालिका–१९ विन्ध्यवासिनी (केहुनिया) र बारा जिल्लाको जीतपुरसिमरा गापाको इनर्वा बसडिलवा गरी पाँच ठाउँमा निश्शुल्क ट्युशन सञ्चालन भइरहेको बताए । उनले शुरूमा दुई स्थानमा र गत वर्षदेखि तीन स्थान थप गरी पाँच स्थानमा निश्शुल्क ट्युशन सञ्चालन भइरहेको र यसको परिणाम राम्रो देखिएको बताए । उनले अनुत्तीर्ण हुने दलित विद्यार्थीको सङ्ख्या बढी भएको र कम अङ्क आउने गरेकामा ट्युशनमा सहभागी एक हजार दलित बालबालिकामध्ये ५० प्रतिशत उत्तीर्ण भएका र उनीहरूको शिक्षा सिकाइमा पनि सुधार आएको बताए । अहिले उत्तीर्ण र अनुत्तीर्ण भएकाहरूको अङ्क बढेको अध्यक्ष रामले बताए ।

अध्यक्ष रामले पाँच स्थानमा बालविकासदेखि कक्षा पाँचसम्मका विद्यार्थीलाई निश्शुल्क ट्युशनको व्यवस्था गरिएको र यसले दलित बालबालिकाहरूको शिक्षामा परिवर्तन आएको बताए ।

## मिस नेपालको अडिशन वीरगंजमा हुने

प्रस, परवानीपुर, १४ वैशाख/
हरेक वर्ष आयोजना हुने मिस नेपाल प्रतियोगिताको ३०औं संस्करणको वीरगंज अडिशनबारे जानकारी गराइएको छ । वीरगंजमा द हिडेन ट्रिजर प्रालिको आयोजनामा सम्पन्न पत्रकार सम्मेलनमा उक्त जानकारी गराइएको हो ।



तस्वीरः प्रतीक

पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष अजयरत्न स्थापितले विगत तीन वर्षदेखि उपत्यकाबाहेकका जिल्लाहरूमा पनि प्रतियोगी छनोट गर्नको लागि अडिशन आयोजना हुँदै आएकामा वैशाख १६ गते आइतवारका दिन वीरगंजमा अडिशन राखिएको बताए । सो अडिशनमा मधेस प्रदेशका प्रतियोगीहरू सहभागी हुने उनले जनाए ।

त्यसैगरी, पत्रकार सम्मेलनमा सहभागी सन् २०२३ की मिस नेपाल इन्टरनेशनल प्रसिद्धि शाहले आफ्नो पुरानो घर वीरगंजको छपकैया भएको बताउँदै पछिल्लो समय उपत्यकाका प्रतियोगीसँगै मोफसलका प्रतियोगीहरू पनि छनोट गर्ने उद्देश्य रहेकाले आफूहरू वीरगंज आएको बताए । पाँच फिट तीन इन्च उचाइ एवं १८ देखि २७ वर्ष उमेर समूहका तथा कक्षा १२ उत्तीर्ण नेपाली युवतीहरूले यो प्रतियोगितामा अडिशन दिन सक्नेछन् ।

प्रतियोगिताको क्षेत्रीय साझेदार रोट्र्याक्ट क्लब अफ वीरगंजका अध्यक्ष आयुष गुप्ताको सहजीकरणमा पत्रकार सम्मेलन सम्पन्न भएको थियो । देशभरिबाट २५ जना युवती अडिशनबाट छानिने र अगस्तमा ग्रान्ड फिनाले गर्ने आयोजकको तयारी छ । प्रतियोगिताको फिनालेबाट मिस नेपाल विजेता र अन्य तीन क्याटगरीमा मिस नेपाल वर्ल्ड, मिस नेपाल अर्थ र मिस नेपाल इन्टरनेशन छनोट गरिन्छ ।

## गण्डकी र मधेस प्रदेशबीच पर्यटन प्रवर्द्धन गर्नुपर्ने – अध्यक्ष गिरी

प्रस, वीरगंज, १४ वैशाख/
पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान)की अध्यक्ष कमला गिरीले गण्डकी र मधेस प्रदेशबीच विद्यमान पर्यटकीय सम्भावना र अवसरलाई पहिचान गरी पर्यटन प्रवर्द्धन गर्नुपर्ने बताएकी छन् ।

टेवानको आयोजना तथा वीरगंज उद्योग वाणिज्य सङ्घको सहकार्यमा आयोजित अन्तरप्रदेश पर्यटन प्रवर्द्धनसम्बन्धी छलफल कार्यक्रममा अध्यक्ष गिरीले पोखराको प्राकृतिक सुन्दरता, धार्मिक, ऐतिहासिक, सांस्कृतिक महत्त्वबारेमा प्रकाश पारेकी थिइन् । उनले मधेस प्रदेशको धार्मिक र सांस्कृतिक महत्त्वलाई पोखरेलीहरूमाझ जानकारी गराएर एकअर्का ठाउँमा पर्यटकको सङ्ख्या बढाउँदै पर्यटन

(बाँकी चौथो पातामा)



## विचारसार र सूक्तिहरू

**व्यक्ति के हो ? त्यो महत्त्वपूर्ण होइन तर व्यक्तिमा के छ भन्ने कुरा निकै महत्त्वपूर्ण हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## सवाल उपभोक्ता हितको

**उपभोक्ता हित संरक्षण मञ्च नेपाल, पर्साले यही वैशाख १३ गते पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाललाई तत्काल उपभोक्ता हितविपरीतका दुई विषयबारेमा ध्यानाकर्षण गराएको छ । उपभोक्ता हितविपरीतका कार्यहरू भएको खण्डमा पहिलो दण्डाधिकारीको रूपमा प्रजिअलाई तोकिएको छ। उनले गरेको निर्णयमा चित्त नबुझेको खण्डमा अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था छ । समग्ररूपमा उपभोक्ता हितविपरीतका थुप्रै कार्य हुने गरेका छन्, हाम्रो समाजमा । उपभोक्ता हितविपरीतका समग्र घटनाहरूमा उपभोक्ता हित संरक्षण मञ्च, उपभोक्ता हकहित मञ्चलगायतका संस्थाहरूले पनि निगरानी राख्न सकिरहेका छैनन् । तसर्थ जुन कार्यबाट उपभोक्ताहरूलाई बढी असर परिरहेको छ, त्यस विषयको उठान गर्ने र निदान गराउनेतर्फ पहल नहुने गरेको पाइएको छ । वीरगंज महानगरपालिकाको सन्दर्भमा अहिले मञ्चले उठान गरेका दुई विषय हुन एउटा पशु वधशाला र मासु जाँच ऐन–२०५५ र दोस्रो कुरा पिउने पानीको दररेट । पहिलो कुरामा पशु वधशाला र मासु जाँच ऐन–२०५५ अनुसार महानगरमा कार्यहरू नभएको, वधशाला निर्माण अहिलेसम्म हुन नसकेको, आम उपभोक्ताले वध गरिने पशुहरूको स्वास्थ्य परीक्षणविना नै जथाभावी वध गरेर अस्वस्थ पशुहरूको मासु खानुपरेको, माछामासु महानगरका सडक, नालाछेउमा जथाभावी बिक्री हुँदै आएको भन्दै मञ्चले महानगरपालिका, स्थानीय प्रहरी, प्रशासनविरुद्ध दिएको रिटमा उच्च अदालत जनकपुरको वीरगंज इजलासले २०७६ असोज १० गते अन्तरिम आदेश जारी गरेर रोक लगाएको थियो भने त्यसको छ महीनापछि फैसला गर्दै यस प्रकारबाट माछामासुको बिक्रीमा रोक लगाउन आदेश जारी गरेको थियो ।**

**अदालतले महानगरलाई वधशाला निर्माण गर्न र स्वस्थ माछामासु बिक्री गर्ने वातावरण सिर्जना गराउन आदेश जारी गरे पनि अहिले चार वर्ष बितिसक्दासम्म सो आदेशको पालना गरिएको छैन । महानगरले मेनरोडमा नालासँगै बिक्री हुँदै आएको माछामासुको बिक्रीमा कडाइ गर्दै आएको छ तर पूर्णरूपमा गर्न सकेको छैन । वधशाला नभएकोले मासु काट्नेहरूले जेजस्तो पशु वध गर्छन्, त्यो खरीद गर्न उपभोक्ता बाध्य छन् । यसमा अहिलेसम्म अर्को विकल्प तयार भएको छैन । वधशाला नभएको हकमा पनि कानूनले मासु निरीक्षक र सुपरीवेक्षक नियुक्त गरेर वध गर्न लायक पशु भए इजाजत दिने होइन भने वध गर्न रोक लगाउने कानूनी व्यवस्था गरेको छ । तर महानगरले वधशाला निर्माण नहुन्जेलसम्मका लागि पनि यो व्यवस्था गर्न सकेको छैन । पशु वध गर्नेहरू नै अहिलेसम्म निरीक्षक र सुपरीवेक्षक भएर काम गर्दै आएका छन् ।**

**दोस्रो कुरो पिउने पानीको । अहिले महानगरमा पिउने पानीको समस्या विकराल बन्दैछ । गत वर्षदेखि भूमिगत पानीको सतह औसतरूपमा तल गएर चापाकलहरू सुक्न थालेका छन् । अहिले वैशाखको पहिलो सातादेखि नै यो समस्या बढेको छ । यसबीचमा पानी उद्योगहरूले जार र बोतलको पानीको मूल्य बढाएका छन् । गत वर्षदेखि प्रतिजार रु ५० बाट रु ८० र बोतलको पानी रु २० बाट रु २५ पुऱ्याइएको थियो । यसपटक पनि बिस्तारै मूल्य बड्दैछ । यसमा पनि मूल्य निर्धारण गर्ने अधिकार प्रजिअलाई छ । तर जनशक्ति अभावमा थुप्रै अधिकार क्षेत्रको पालना गर्न प्रजिअ [redacted]**

# कक्षैपिच्छे भर्ना शुल्क लिन नपाइने सूचना हात्तीको देखाउने दाँत

जबजब नयाँ शैक्षिक सत्र शुरू हुन्छ, तबतब निजी विद्यालयभित्र आर्थिक लुटको चर्चा पनि शुरू हुन्छ । तर सुधार कहिले भएन । यस वर्ष पनि काठमाडौं महानगरपालिकालगायत केही पालिकाले सूचना जारी गरेका छन्–“संस्थागत विद्यालयले वर्षैपिच्छे भर्ना शुल्क लिन पाउँदैन ।

यस प्रकारको सूचना पहिलोचोटी निस्केको पनि होइन । फागुमा जबरजस्ती रङ्ग–अबीर लगाउनु, लोला हान्नु, दीपावलीमा पटका पड्काउनु अपराध हो भनी जिल्ला प्रशासन कार्यालयले सूचना निकाल्छ, तर हुन्छ ठीक उल्टो । काठमाडौं महानगरले जारी गरेको सूचनामा– “संस्थागत विद्यालय शुल्क निर्धारण तथा मापदण्ड निर्देशिका, २०७२ को दफा १४.१ (२) मा विद्यार्थी भर्ना हुँदा एकपटक मात्र जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको स्वीकृत मासिक शुल्कको १ महीनाको शुल्क लिन पाउने मापदण्ड रहे तापनि काठमाडौं महानगरपालिका अन्तर्गत सञ्चालित केही संस्थागत विद्यालयहरूले बढी शुल्क लिएको जनगुनासो प्राप्त भएकोले प्रचलित ऐन नियम, मापदण्ड र निर्देशिकाबाहेक विद्यार्थी भर्नालगायत शुल्क नलिनुहुन तथा यस अघि प्रचलित ऐन, नियम, मापदण्ड र निर्देशिका विपरीत शुल्क लिइएको भएमा सम्बन्धित अभिभावकलाई फिर्ता गर्नसमेत अनुरोध छ ।” अनुगमनको क्रममा ऐन, कानून, मापदण्ड र निर्देशिकाविपरीत भर्ना शुल्कलगायत अन्य शुल्क लिएको पाइएमा कारबाई गरिने सूचनामा उल्लेख छ ।

यहाँ प्रश्न उठ्छ–के यो समस्या काठमाडौं उपत्यकामा मात्रै छ ? पक्कै होइन । यो ७७ वटै जिल्लाका संस्थागत विद्यालय अर्थात् निजी बोर्डिङ स्कूलहरूमा कायम छ । प्राय:जसो विद्यालयहरूले महीनाको शुल्कभन्दा ४ देखि ५ दोब्बरसम्म ‘एनुअल फी’को नाममा भर्ना शुल्क असुल्ने गरेका छन् । सरोकारवाला निकायले जस्तो सूचना निकाले पनि निजी विद्यालयहरूले अभिभावकलाई पुन: भर्ना शुल्कको स्लिप पठाइरहेका छन् ।कसैले विरोध वा उजूर गरेमा आफ्नो बच्चा स्कूलबाट लग्नुस् भन्ने वा स्कूलमैं नपढाउनेजस्ता समस्या विगतमा देखिएको हुनाले अभिभावकहरू विरोध गर्न अगाडि सर्दैनन् । भन्नका लागि यस देशमा अभिभावक सङ्घ छ । त्यो पनि पार्टीपिच्छे फरकफरक सङ्घहरू छन् । राजनीतिक पार्टीहरूका भ्रातृ सङ्गठनको रूपमा काम गर्ने विद्यार्थी सङ्गठनहरू पनि छन् तर विद्यालयको यस आर्थिक लुट र अभिभावकको ढाड सेकाइप्रति कसैको ध्यान जाँदैन । गइहालेछ भने त्यो सस्तो लोकप्रियताबाहेक केही हुन्न । वास्तवमा यस्तो मुद्दा उठाएर विद्यालय प्रशासनसँग केही लेनीदेनी गरेर चुप लाग्ने सबै सरोकारवालाको नियत विद्यालयहरूले थाहा पाइसकेका छन् । त्यसैले विद्यालयहरूले वार्षिक शुल्कको नाउँमा औकात अनुसार रु ६,००० देखि रु ४०,००० सम्म भर्ना शुल्क लिने गरेको एक अध्ययनबाट थाहा भएको छ । शिक्षा ऐनविपरीत यो काम, नगर्न–नगराउन पुनरावेदन अदालत (उच्च अदालत) समेतले निर्देशन जारी गरिसकेको छ ।

नेपालका प्राय: ठूला निजी स्कूलहरूमा ठूला पार्टीका नेताहरूको लगानी हुनु, चुनावको बेला नेताहरूले ठूला स्कूलहरूबाट ठूलो चन्दा असुल गर्नु तथा शिक्षकहरूलाई कार्यकर्ताको रूपमा सञ्चालन गर्नु जस्ता कारणले शिक्षामा अनैतिकता र भ्रष्टाचार व्याप्त हुँदा पनि सरोकारवाला निकाय औपचारिकता निर्वाह गर्नुभन्दा अरू केही गर्न सक्दैन । यसतर्फ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ध्यानाकर्षण नहुँदा लाग्दछ यो उसको कार्यक्षेत्रमैं पर्दैन ।

### स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**सरकार बनाउन र सरकार खसाउन रातारात एक पार्टीबाट अर्को पार्टीमा भ्यागुताजस्तै उफ्रेर जाने हाम्रा नेताहरू र संसद्भित्र पार्टी टुक्र्याउन संविधान संशोधन गर्न सक्ने संसद्ले यस विषयमा किन आजसम्म चासो राखेको छैन ?**

सरकारको यति ठूलो लगानी सामुदायिक विद्यालयमा छ भने निजी विद्यालयको आवश्यकता के ? किन राख्नुपऱ्यो निजी विद्यालय ? हामी सबैले बुझेकै कुरो हो । निजी विद्यालय खुलेदेखि नेपाली विद्यार्थीको आफ्नो भाषा निरन्तर कमजोर हुँदै गएको छ । निजी विद्यालयमा पर्ने विद्यार्थीहरू नेपाली भाषामा निकै कमजोर छन् । निजी विद्यालयहरूले हाम्रो भाषा मासिरहेका छन् । सरकारको पाठ्यक्रम नमानेर कमिशनको लोभमा आफ्नै पाठ्यक्रम चलाएका छन् । वास्तवमा निजी विद्यालयहरू मुनाफाखोर पसलमा रूपान्तरण भएका छन् । विद्यालय हाताभित्रै किताब, कपी, टाई, ड्रेस, जुत्ताको व्यवस्थापन विद्यालय व्यवस्थापन पक्षले गरेको देख्दा कसरी भन्ने यो शिक्षाको मन्दिर हो ? यो त वास्तवमा माल कमाउने अभिप्रायले खोलिएको एउटा पसल मात्रै हो ।

विद्यार्थीहरूमाथि घोकाउने नाउँमा गरिने भौतिक हिंसाको त कुरा गरेरै साध्य छैन । विद्यालयहरू पूर्णरूपेण व्यापारमा उत्रिसकेपछि शिक्षा गौण बन्न जान्छ । र यही हालत यतिबेला निजी विद्यालयहरूको छ । यति हुँदाहुँदै पनि निजी विद्यालयलाई कुनै पनि कसूरमा कुनै पनि कारबाई भएको आजसम्म कसैले सुन्नुभएको छ ?

नेपाली समाज यतिबेला चरम आर्थिक मन्दीबाट गुज्रिरहेको छ । मुलुक भित्र बेरोजगारीको लामो ताँती छ । उद्योगधन्दा चौपट छ । यस्तोमा निजी विद्यालयहरू किन दिन दुना रात चौगुना फस्टाइरहेका छन् ? अहिले सबैभन्दा बढी फस्टाएको क्षेत्र नै शिक्षा र स्वास्थ्य हो । जब सरकारी अस्पताल छँदैछ अनि निजी अस्पताल किन चाहियो ? लुटबाहेक यसको अर्को अभिप्राय के ? त्यसैले आजको बहस शिक्षालाई निजीकरण होइन कि सार्वजनिकीकरण गर्नु हो र यो कार्य जतिसक्दो छिटो गर्नुपर्छ ।

हाम्रो देशको शैक्षिक इतिहास हेर्दा २०२८ सालमा शिक्षा सर्वजनीकरण गरियो तर विडम्बना छ जसले गऱ्यो उसैले चलाउन सकेन । २०३६ सालपछि सरकारले निजीलाई हात जोडेर चलाइदेऊ भन्ने अवस्था आयो । त्यस पछि शिक्षा क्रमश: निजीकरणमा गयो, शिक्षा निजीकरणमा गएपछि सार्वजनिक संस्थाहरू ध्वस्त भए । शिक्षण संस्था नै ध्वस्त भएपछि, त्यसबाट उत्पादन भएर देश चलाउने जनशक्ति नै ध्वस्त भयो । सार्वजनिक शिक्षा ध्वस्त भएपछि सेवाका जति पनि संस्था छन् ती सबै ध्वस्त भए । जहाँसम्म संवैधानिकता र कानूनको कुरा छ, संविधानको एउटा बुँदाबाहेक कुनै पनि बुँदाले शिक्षामा निजी लगानीको कुरा गर्दैन । शिक्षामा निजी लगानीको कुरा गर्ने त्यो बुँदा राज्यको नीति अन्तर्गत पर्छ मौलिक हक अन्तर्गत पर्दैन । राज्यका सबै नीति एकातिर, मौलिक हक अर्कातिर राख्यो भने मौलिक हककै पलडा भारी हुन्छ । संविधानको धारा ३१ (२) ले जे कुरा बोलेको छ अब नेपाल सरकारले स्थानीय सरकारमार्फत वडा–वडाबाट शिक्षालाई सर्वजनीकरण गर्ने अभियान शुरू नगर्ने हो भने, हाम्रो सार्वजनिक विद्यालय अर्को १० वर्ष पनि टिक्दैन । त्यसैले सरकारले कठोर भएर संविधान कार्यान्वयन गर्न अघि बढ्नै पर्छ ।

हाम्रो संविधानका कतिपय कुरा अन्तर्विरोधी छन् । संविधान समाजवाद उन्मुख देखिन्छ भने शिक्षा सामन्तवाद र पूँजीवाद उन्मुख छ । यस्तो गाईजात्रा संसारमा अन्त कहीं होला ? संविधानको प्रस्तावनामा समाजवादप्रति प्रतिबद्ध उल्लेख छ । धारा ५१ ज को २ मा शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गर्दै सेवामूलक बनाउने भनेपछि पूँजीवाद नछाड्ने अनि समाजवादमा जाने ? कसरी मिल्छ ? संविधानमा यो कुरा बाझिएको छ । वास्तवमा धारा ५१ ज २ संविधानको धारा ३१ को २ सँग बाझिएकोले त्यो खारेज हुनुपर्छ । तर यसतर्फ कुनै पनि पार्टी अथवा सङ्घसंस्थाले पहल गरेको देखिंदैन । जबकि सबैलाई थाहा छ त्यो नभई हामी समाजवादमा जान सक्दैनौं । डबल स्ट्यान्डर्ड अर्थात ठेट नेपालीमा भन्ने हो भने दलाल पूँजीवादी व्यवस्थाको सम्पूर्ण अवयवहरूको दोहोरो चरित्रले नेपालको विकास र समृद्धि सम्भव छैन।

त्यसैगरी संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह अनिवार्य र निशुल्क माध्यमिक तह निशुल्क भनेको के ? यहाँनिर प्रश्न उठ्नु स्वभाविक छ कि के निजी स्कूलमा पढ्न जाने नेपालका नागरिक हैनन् ? तिनको शिक्षा निश्शुल्क गर्नुपर्दैन ? यसतर्फ राज्यको आवधिक कार्ययोजना अहिलेसम्म किन बनेन ? सरकार बनाउन र सरकार खसाउन रातारात एक पार्टीबाट अर्को पार्टीमा भ्यागुताजस्तै उफ्रेर जाने हाम्रा नेताहरू र संसद्भित्र पार्टी टुक्र्याउन संविधान संशोधन गर्न सक्ने संसद्ले यस विषयमा किन आजसम्म चासो राखेको छैन ?

यहाँ कतिपयले निजी विद्यालयलाई पनि मार्का पार्नुहुँदैन । उनीहरू पनि संविधानसम्मत नै छन् । उनीहरू पनि देश विकासमैं लागेका छन् जस्ता तर्क गरेको देखिन्छ । निजी विद्यालयका सञ्चालकहरूले संविधानको धारा ५० (३) मा उल्लेख भएको आर्थिक नीतिको जुन कुरा उठाउँछन् त्यो भनेको तीन खम्बे नीति हो –

पहिलो निजी, दोस्रो सरकारी र तेस्रो सहकारी ।

निजी विद्यालय सङ्गठनहरू प्राय: भन्ने गर्छन् राज्यले संविधानमैं निजी, सरकारी र सहकारी भनेको छ । हामी संविधान अनुसार नै देश सेवामा लागेका छौं । संविधानले देखाएको आर्थिक नीति अन्तर्गत नै हामीले लाइसेन्स पाएर विद्यालय सञ्चालन गरेको हो । हामी संविधान विरोधी होइनौं । संविधानले जे व्यवस्था गरेको छ त्यसै अनुसार हामी हिंडिरहेका छौं । यो कुरा सुन्दा जति आकर्षक र राम्रो लाग्छ वास्तवमा त्यस्तै हो त ? एकछिनलाई उनीहरूको तर्कको विश्लेषण गरौं । यदि निजी विद्यालयहरूको सञ्चालन आर्थिक नीति भित्र पर्छ भने आजका मितिसम्म निजी विद्यालयले नेपालको आर्थिक स्थिति उकास्न के के काम गरेका छन् ? उल्टै देश र नागरिकको अहित गर्ने काम मात्र गरेको देखिन्छ । प्रत्येक निजी विद्यालयले ट्यूशन फि कम राख्ने, त्यहीं बाट शिक्षक, शिक्षणमा खर्च गर्ने, बाँकी अन्य शुल्कका नाममा उठाएको ठूलो रकम सञ्चालकको खातामा राख्ने ? शिक्षकलाई भने योग्यता अनुसार तलबसमेत कुनै विद्यालयले दिएको देखिंदैन । शिक्षकलाई महीनाको तीन हजार रूपियाँ दिएर विद्यार्थीबाट १ लाख शुल्क लिने ?

यस्तो विभेद किन ? निजी र सामुदायिक दुवै ठाउँका शिक्षक र विद्यार्थी नेपाली नै हुन् तर उनीहरूको सेवा सुविधा किन विभेदपूर्ण ? जबकि संविधानको धारा ५० को उपधारा २ मा सबै प्रकारको विभेद हटाएर समतामूलक समाज निर्माण गर्ने भनिएको छ । त्यो भनेको शिक्षामा विभेद कायम राख्ने, अन्त मात्रै हटाउने भनेको हो र ? सबै प्रकारको विभेद हटाउने हो भने निजी विद्यालयले जुन सामाजिक विभेद सृजना गरेको छ त्यो पनि हटाउनु पर्छ । निजी विद्यालयलाई सेवामूलक बनाउने भनेर संविधानको धारा ५१ ज को २ मा उल्लेख छ तर, सेवामूलक भनेको अभिभावकलाई लुटेर सञ्चालकको खातामा रकम जम्मा गर्ने भनेको हो ? सेवामूलक बनाउन एउटै उपाय हो चार्टर स्कूल खोल्नु । सरकारले शिक्षामा गरेको लगानी निजी विद्यालय सञ्चालकलाई पनि दिने, बाँकी अन्तबाट ल्याएर चलाउने, अभिभावकसँग पाँच पैसा पनि लिन नपाउने त्यो हो सेवामूलक । सरकारले प्रतिविद्यार्थी प्रतिवर्ष १७ हजार रूपियाँ खर्च गर्छ, त्यो तपाईंका स्कूलमा पढ्ने विद्यार्थीको टाउको गनेर दिने हो, बाँकी तपाईंहरूले खोजेर पढाउने हो भने त्यो सेवामूलक निजी विद्यालय हुन्छ । यसलाई चार्टर स्कूल भनिन्छ । संसारका धेरै देशमा चलेको छ । यदि राज्यले निजी शिक्षा चलाउने भनेको हो भने त्यसको यस्तो व्याख्या हुनुपर्छ । तर महत्त्वपूर्ण प्रश्न के उठ्छ भने – के यसरी नागरिकको हितमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संसद्मा भएका पार्टीहरूले शिक्षा तथा स्वास्थ्यमा सुधार गर्लान् त ? संविधान अनुसार शिक्षा र स्वास्थ्यलाई सार्वजनिक गर्लान् त ? शिक्षा र स्वास्थ्य निश्शुल्क हुन्छ त ?

यस व्यवस्थामा कुनै पनि काम जनहितमा हुँदैन, त्यसैले हामीले वर्तमान सरकारबाट यस्तो आस गर्नुहुँदैन, किनभने हाम्रो संविधान सहमतिको दस्तावेज हो । त्यो बेला माओवादी बलियो थियो, जतिबेला पहिलो संविधानसभा चुनाव भयो। तर प्रतिक्रियावादीहरूले माओवादीहरूलाई घेरा हालेर उसले चाहेजस्तो संविधान बनाउनै दिएनन् । दोस्रो संविधानसभापछि माओवादी कमजोर भयो र उपस्थित दलालहरूले आफ्नो हितमा संविधान बनाए जसको परिणाम हामी अहिले भोग्दैछौं । वास्तवमा यो संविधान समाजवादमुखी लेखिए पनि पूँजीवादमुखी पनि बन्न सकेको छैन । किनभने यहाँ कमिशनको खेलबाहेक अरू केही देखिएको छैन । त्यसकारण अब एकचोटी फेरि नयाँ क्रान्तिको उद्घोष गर्नुपर्छ जसले दलाल पूँजीवादलाई बढारेर वैज्ञानिक समाजवादको स्थापना गरोस् ।

## १७६८ ग्राम सुन र एक करोड बढी रकमसहित सात जना पक्राउ

काठमाडौं, १४ वैशाख/रासस

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले एक किलो ७६८ ग्राम सुन तथा रु एक करोड ४३ लाख ६० हजार नगदसहित सातजनालाई पक्राउ गरी शुक्रवार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा दार्चुला महाकाली नगरपालिका–३ टाँटे बस्ने ४७ वर्षीय गणेशदत्त बडू र आयुष बडू, झापा बिर्तामोडका दिनेश खरेल र भरतराज खरेल तथा भारत महाराष्ट्रका अमोल विभुते, ऋषिकेशप्रकाश विभुते र गणेशसतिश बाल्टे रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रवीन्द्र

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# ऋग्वेदमा ऋतु

स्वान्त सुखाय:

सञ्जय मित्र
mitrasanjay41@gmail.com

आदि साहित्य भनेर वेदलाई नै मान्नेहरूको सङ्ख्या ठूलो छ। वेदलाई कतिपयले ब्रह्माले त कतिपयले ऋषिहरूले रचना गरेको मान्ने गरेका छन्। यसलाई देववाणी पनि भन्ने गरिएको पाइन्छ। जसले जे भने पनि वेदलाई पूर्वीय धर्म, दर्शन तथा अध्यात्मको आदि ग्रन्थ मान्नेहरू धेरै छन्।

'वेद' शब्द 'विद्' धातुबाट निष्पन्न भएको हो। यसको अर्थ 'ज्ञान, विचार, सत्ता एवं लाभ' हुन्छ। यीमध्ये 'ज्ञान'को अर्थमा वेदलाई सर्वत्र लिने गरिएको पाइन्छ। यसैले 'वेद'लाई 'ज्ञान' पनि भनिएको वा मानिएको पाइन्छ। अनि 'ज्ञान'को अर्को नाम नै वेद हो भन्ने पनि उल्लेख पाइन्छ। वेद त्यो ज्ञान हो, जुन ब्रह्माण्डको विषयमा सबै विचारको स्रोत



हो, जुन सदैव अस्तित्वमा रहन्छ र जुन सबै कालमा मानिसका लागि उपयोगी वस्तुहरूको प्राप्ति र त्यसको उपयोगको उपाय बताउँछ। 'वेद'लाई 'जान्नु'को अर्थमा पनि लिइएको पाइन्छ। जहाँ ज्ञानको अपेक्षा चाहना वा आशा हुन्छ, त्यहाँ दार्शनिक वेदको उपस्थिति हुन्छ। यसरी निष्कर्षमा 'वेद' शब्दको अर्थ 'आध्यात्मिक ज्ञान' हुन जाने देखिन्छ किनभने वेदमा सबै ज्ञान छ तर सबैको मूलमा भने अध्यात्म नै रहेको छ।

'सुनिएको ज्ञान' भनेर अर्थ लगाउनेहरूको सङ्ख्या पनि कम छैन। यस मतावलम्बीले 'वेद'को अर्थ 'श्रुति' लगाउँछन्। अर्थात् वेदलाई श्रुति मान्छन्। वेदको रचना वा सिर्जना कसैले गरेको नभई कैयौं शताब्दीमा मानवजीवनमा सुनिएका सारहरूलाई ऋषिहरूले सङ्कलन गरेका हुन्।

अनि यो पनि भन्ने गरिन्छ कि वेद अनन्त छ र वेदको ज्ञानको आदि र अन्त्य नै छैन। वेदको ज्ञानलाई ऋषि वेदव्यासले चार भागमा विभाजन गरेका छन्। यही चार व्यवस्थित विभाजन चार वेदको रूपमा देखिएका हुन्। यसैले धेरैले वेदलाई महर्षि वेदव्यासको रचना मान्ने गर्छन्। वेदव्यासले ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी वेदलाई चार भागमा विभाजन गरेका छन्।

वेदको रचना वा सङ्कलनको समयको विषयमा पनि विभिन्न मत रहेका छन्। वेदलाई कतिपयले अनादि सिर्जना मान्छन् त कतिपयले इसापूर्व १८ सय वर्षअघि रचना भएको मान्छन्। वेदको रचना वा सङ्कलनमा करीब आठ सय वर्ष लागेको पनि मानिन्छ तर कतिपयले यो पनि मानेका छन् कि यो निकै पछिको हो। जेहोस्, अनेक प्रकारले यसको विषयमा जुन चर्चा हुने गरेको छ, यसको महत्त्वलाई बढाउने काम पनि गरेको छ। तर सबैको मतैक्य यस कुरामा छ कि चार वेदमध्ये सबैभन्दा पुरानो ऋग्वेद हो।

ऋग्वेदलाई आन्तरिकरूपमा मण्डल र सूक्तमा विभाजन गरिएको छ। मण्डल भनेको मुख्य खण्ड र सूक्त भनेको सहायक खण्ड हो। सूक्तलाई पनि विभिन्न श्लोकमा विभाजन गरिएको छ, जसलाई ऋचा भन्ने गरिन्छ। मुख्यतः संस्कृत भाषामा रहेकोले साधारण मानिसले वेदलाई पढेर बुझिहाल्न सजिलो छैन।

ऋग्वेदमा विभिन्न देवदेवीका नाम छन् र तिनको महत्त्वको बारेमा चर्चा गरिएको छ। वास्तवमा शान्तचित्त ऋग्वेद पढ्दा, त्यो जमानामा कति धेरै कुरा लेख्न सकिएको रहेछ भनेर गर्वको अनुभूति हुन्छ। जीवन र जगत्को विशाल अध्ययन देखेर अचम्भित र विस्मित हुन पुग्छ मन। अग्नि तथा जलको महत्त्व अहिले हामीले बुझेको भन्दा त्यो जमानामा कम बुझिएको होइन रहेछ। समयको महत्त्वलाई अहिले यदि अर्थसित तुलना गरेर हेर्छौं भने यसबाहेकको सन्दर्भमा पहिले जति अहिले अझै बुझ्न बाँकी नै छ भन्ने जस्तो लाग्छ।

वीरस्य नु स्वश्वयं नासः प्र नु वोचाम विदुरस्य देवाः। षोळ्हा युक्ता पञ्चपञ्चा वहन्ति महद्देवानामसुरत्वमेकम्। (मण्डल ३, सूक्त ५५, ऋचा १८)

यसमा समयको वर्णन गरिएको छ। देवताहरूलाई पनि शूर इन्द्रदेवको शोभन अश्वको बारेमा जानकारी छ। शोभन अश्व भनेको समयको विभाजन हो। दुई/दुई महीनाको एक ऋतु हुन्छ। यसरी ऋतु छवटा छन्। तर हेमन्त र शिशिर ऋतुलाई एक ठाउँमा मिलाउँदा पाँच ऋतु हुन्छन्।

यहाँ गज्जबको तर्क त यो लाग्छ कि हेमन्त र शिशिरलाई एउटै ऋतु मान्न सकिने सङ्केत गरिएको छ। ऋतुको सङ्ख्या छवटा हुने त हामी सबैलाई थाहै छ। अहिलेसम्म हाम्रो समाजले वा मुख्य गरी साहित्यले छवटा ऋतुकै वर्णन गरिरहेका छन्। छवटा ऋतुको विशेषता वा विशिष्टतालाई मानिरहेका छन्।

मानव कल्याण कामनाको महाग्रन्थ ऋग्वेदमा धेरै विषय छन्। पढेलेखेका हरेक व्यक्तिलाई मन शान्त भएको बेलामा अझ शान्तिको अनुभूति प्राप्त गर्न वेदको अध्ययन गर्नुपर्छ। सम्भव भएसम्म वेदान्त साहित्यको अध्ययन पनि गर्नुपर्छ। अभ्यन्तरमा ऊर्जा दिने वेद तथा वेदान्त साहित्यमा सम्पूर्ण मानवका साथै जीवजन्तु र वातावरणका साथै ब्रह्माण्ड कल्याणको कामना गरिएको छ, जुन सबैका लागि र सधैंका लागि पठन तथा मननयोग्य छन्।

---

लघुकथा

## खोल

**- बैधनाथ श्रमजीवी**

जङ्गलका ब्वाँसाहरू साह्रै चिन्तित थिए। पहिले एउटा भेडा जता जान्थ्यो बाँकी सबै भेडो उतै लाग्थ्यो। त्यति बेला ब्वाँसाहरूलाई शिकार गर्न सजिलो थियो। अहिले अवस्था ठीक उल्टो छ। भेडाहरू निकै समझदार भएका छन्। अगाडिको भेडा कतै हिंड्यो भने पछाडिका भेडाहरू आँखा चिम्लेर पछि लाग्नुको साटो चौबाटोमा उभिएर अनेकौं प्रश्न गर्छन्।

तर भनिन्छ खाने मुखलाई जुङ्गाले छेक्दैन। भेडाहरू जति चलाक भएपनि आखिर हुन् भेडा नै। ब्वाँसाहरूले पनि आफूलाई समय अनुसार ढालेका छन्। सर्प पनि मर्ने र लौरो पनि न भाँचिने जस्तो बडो गजबको जुक्तिको आविष्कार गरेर पुस्तौं पुस्तालाई खान पुग्नेगरी शिकारको प्रबन्ध मिलाउन सफल भएकोमा साह्रै प्रफुल्लित छन् ब्वाँसाहरू।

भेडाको खोल लगाएर भेडाको बथानभित्र भेडा नै बनेर हुलका हुल ब्वाँसाहरू मजाले बसेका छन्। खोलकै आडमा एक खोलधारी ब्वाँसो भेडाहरूको राजा पनि बन्न सफल भएका छन्। ब्वाँसाहरू प्रधानमन्त्रीदेखि प्रशासकसम्मको पदमा सजिलै बहाल भएका छन्। बिचरा भेडाहरूले खोलभित्रका असली अनुहार नदेखेकाले दिनहुँ आफैंलाई मारी खाने दुष्ट ब्वाँसाहरूको जयजयकार पनि गर्दैछन् ...॥

---

# स्वस्थ र खुशी रहने उपाय

- बिहान उठ्ने बित्तिकै आफ्नो शरीरलाई डिटक्स गर्न निकै जरुरी हुन्छ। शरीरबाट विषाक्त पदार्थ, मलमूत्र त्याग्नुपर्छ।
- मेटाबोलिज्मलाई शुरू गर्न शरीरमा हलचल ल्याउनुपर्छ।
- बिहान उठेको एक घण्टासम्म कुनै न कुनै शारीरिक गतिविधि गर्नुपर्छ, साथै ध्यान पनि लगाउनुपर्छ।
- त्यसपछि के गर्ने दिनभरिको योजना बनाउनुपर्छ।
- घरबाट जानुभन्दा पहिले शान्त हुनुपर्छ र पूजापाठ अथवा प्रार्थना गर्नुपर्छ।
- समयमा खाजा खानुपर्छ र घरबाट निस्किंदा कहिल्यै हतार गर्नुहुँदैन।
- प्रोटीन शरीरबाट कम गर्नुहुँदैन।
- मानसिक स्वास्थ्यलाई ध्यानमा राख्नुपर्छ।
- पर्याप्त निद्रा लिनुपर्छ, मोबाइल उपकरणहरूको प्रयोग कम गर्नुपर्छ।

---

# माछा लाग्ने रोग, कारण र उपाय


स्वप्ना साह
प्राणीशास्त्र

माछा पानीमा बस्ने जीव हो। यो स्वच्छ पानी तथा समुद्रको नुनिलो पानीमा पनि पाइन्छ। नेपालमा करीब १८५ प्रकारका स्वदेशी जातका माछा पाइन्छन्। नेपाल जलस्रोतले धनी देश हो। यहाँ धेरै नदी, ताल, पोखरी छन्। नेपालको तराई भूभागमा लगभग नौदेखि १० महीना गर्मी नै हुने हुँदा तराईका विभिन्न भूभागमा माछापालन बढ्दो क्रममा छ। यो पेशा कम लगानीमा धेरै र छिट्टै फाइदा हुने व्यवसाय हो।


प्राचीनकालदेखि नै माछालाई पौष्टिक आहारको रूपमा स्वीकार गरिएको छ। कुखुरा, खसी, बङ्गुरको मासुभन्दा माछा स्वास्थ्यको लागि राम्रो मानिन्छ। माछा पोषणको रूपमा प्रयोग गरिने प्रोटिनको एक प्रमुख स्रोत हो। माछामा लगभग शून्य प्रतिशत कार्बोहाइड्रेट हुन्छ, जसले गर्दा यो मधुमेह र अन्य रोगी मानिसहरूको लागि राम्रो मानिन्छ। माछामा बोसो र कोलेस्ट्रोल कम हुन्छ। त्यसैले यो पचाउन पनि सजिलो हुन्छ। माछा भिटामिन 'ए', 'बी' र 'डी'को राम्रो स्रोत हो। क्याल्शियम, आयोडिन, फ्लोरिन, मेग्निशियम पनि भरपूर मात्रामा पाइन्छ। माछा ओमेगा-३ युक्त पोली-अनसेचुरेटेड फैटी एसिड मुटुरोगी, मस्तिष्क विकासका लागि राम्रो मानिन्छ। नियमितरूपमा माछा खाँदा दिमाग सक्रिय र तेज रहन्छ। यति धेरै पौष्टिक विशेषता बोकेको माछामा पनि विभिन्न प्रकारका रोगहरू देखा पर्छन्। नेपालमा पनि मत्स्यपालनको व्यवसायीकरणसँगै विभिन्न किसिमका रोग र परजीवीहरू देखा पर्न थालेका छन्।

**माछामा लाग्ने रोगहरू**

१) रातो थोप्ले रोग : ढुसीबाट लाग्ने रोग
२) सेप्रोलेग्निएसिस : ढुसीबाट लाग्ने रोग
३) गिल कुहिने रोग : ढुसीबाट लाग्ने रोग
४) सेतो थोप्ले रोग : प्रोटोजोवाबाट लाग्ने रोग
५) ट्राइकोजाइनासिस : प्रोटोजोवाबाट लाग्ने रोग
६) पखेटा कुहिने रोग : ब्याक्टेरियाबाट लाग्ने रोग
७) गाइरोडाक्टाइलिसिस : कीराहरूबाट लाग्ने रोग
८) डाक्टाइलोगाइरोसिस : कीराहरूबाट लाग्ने रोग
९) लर्निएसिस : कीराहरूबाट लाग्ने रोग
१०) अरग्यासिलस : कीराहरूबाट लाग्ने रोग

**माछामा रोग कसरी लाग्छ ?**

पोखरीमा रोगजन्य स्रोतहरू जस्तै




ब्याक्टेरिया, भाइरस, ढुसी, प्रोटोजोवा आदिका सङ्क्रमणबाट माछामा रोग लाग्छ। माछामा रोग लाग्ने अर्को तीनवटा तत्त्वहरू मुख्य कारण हुन्। जस्तैः

१) रोगजन्य कारण जसलाई Pathogen पनि भनिन्छ। (जीवाणु सङ्क्रमण)
२) वातावरण
३) माछा शारीरिकरूपमा कमजोर हुनु।

यी तीनवटै तत्त्वहरूबीच अन्तरसम्बन्ध राम्रो भएमा मात्र माछामा रोग लाग्छ। जस्तै यदि कुनै पोखरीमा माछा छ, अनि त्यहाँ रोग लगाउने कारण Pathogen पनि छ र सो Pathogen फैलिन वातावरण उचित पनि छ भने मात्र रोग लाग्छ। तलका तीन तत्त्व कारणमध्ये कुनै एक कारण छैन भने रोग लाग्दैन।

**माछामा रोग लाग्ने विभिन्न कारणहरूः**

१) माछाको शारीरिक अवस्था एक महत्त्वपूर्ण कारण हो।
२) उमेर नपुगेका र उमेर पुगिसकेका माछाहरूबाट निस्केका भुराहरूमा रोग लाग्ने सम्भावना बढी हुन्छ।
३) उमेर पुगेको तर अन्डा दिन तयार नभएका माछाहरूबाट छिटो अन्डा निकाली बिक्री गरिएका माछाका भुराहरूमा छिट्टै रोग लाग्ने र धेरैजसो मर्ने सम्भावना हुन्छ।
४) पानीको गुणस्तर बिग्रन गएमा माछा रोगी हुन्छ। जस्तैः पानीको तापक्रम धेरै बढेमा, घुलित अक्सिजन कम भएमा, अमोनिया, कार्बन डाइअक्साइड, क्लोरिन, नाइट्राइट, नाइट्रेट इत्यादि पानीमा बढी भएमा पानीको गुणस्तर बिग्रन्छ र माछाहरू कमजोर र रोगी हुँदै जान्छन्।
५) उच्च गुणस्तरको दाना नपाउनु पनि माछामा लाग्ने रोगको मुख्य कारण हो।
६) माछाहरूलाई चोटपटक लाग्दा पनि माछा रोगी हुन्छ।

**माछालाई रोग लाग्नबाट बचाउने उपायहरूः**

१) पोखरीमा माछापालनको लागि राख्ने भुरा माछा भरपर्दो स्रोतबाट आयात गर्नुपर्छ।
२) पोखरीमा माछापालनको लागि पानी राख्नुअगाडि पोखरीलाई राम्ररी सुकाएर पोखरीमा प्रतिकट्ठा १५ किलोको दरले सात दिनको फरकमा तीनपटक चुनाको प्रयोग गर्नुपर्छ।
३) पोटाशियम पर म्याग्नेशियमको प्रयोग (प्रतिकट्ठा २५०-३०० ग्राम) गर्नुपर्छ।
४) रोगी माछालाई २-३५ नून पानीको झोलमा डुबाइ राख्नुपर्छ।
५) पोखरीमा नियमितरूपमा ताजा पानीको प्रवेश हुनुपर्छ।
६) माछा मार्ने जाल, हावा इत्यादिलाई एउटा पोखरीमा प्रयोग गरिसकेपछि राम्रोसँग सुकाएर वा एन्टिसेप्टिक रसायनले उपचार गरेर मात्र फेरि अर्को पोखरीमा प्रयोग गर्नुपर्छ।
७) माछाको घनत्व सन्तुलित मात्रामा राख्नुपर्छ।
८) सन्तुलित र सफा दानाको प्रयोग गर्नुपर्छ।
९) पोखरीको पानी फोहर हुनुहुँदैन र अमोनिया कन्ट्रोलमा राख्नुपर्छ।
१०) पोखरीको पानीको गुणस्तर जाँच गरिरहनुपर्छ। पानीको तापक्रम, घुलित अक्सिजन, अमोनिया, कार्बन डाइअक्साइड, क्लोरिन, नाइट्राइट इत्यादि सन्तुलित मात्रामा हुनुपर्छ।

(स्रोत- विज्ञान लेखमाला)

---



धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-१ रानीपौवा माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत सौरभ बसौला र सुशील अधिकारीले दुई सय किलोभन्दा बढी भार बोकेर गुड्ने विद्युतीय गाडी निर्माण गरेका छन्। तस्वीरः रासस

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



**हरिकृष्ण बराल**
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

धेरै जन्मको याद आएपछि यो स्पष्ट हुन्छ कि म कतिपटक जन्मे, कतिपटक गृहस्थी जीवन बिताए र कतिपटक मरें। ती शरीरहरूमा त्यो समयमा मेरो तादात्म्य भएको थियो र म सम्झिन्थें, म त्यही हुँ। तर त्यो शरीर त चितामा खरानी भयो, तब पनि म रहिरहें। म कुनै अरू नै हुँ। यो थाहा पाएपछि आफ्नो शरीरसँगको तादात्म्य टुट्छ, मनबाट पनि पहिचान छुट्छ। अहिले म यस घरमा बसिरहेको छु, त्यो घर म होइन। म घरको भित्र रहनेवाला चैतन्य हुँ। यो घर एक दिन खराब भएर ढल्नेछ। म नयाँ घरमा प्रवेश गर्नेछु। घर फेरिनेछ, तर म बदलिनेछैन। म कुनै अरू नै हुँ।

जाति स्मरणको प्रक्रिया बुद्ध तथा महावीरको समयमा धेरै कठिन थियो। यसबीचमा जुन मनोविज्ञान विकसित भएको छ, त्यसको माध्यमद्वारा विशेषगरी सम्मोहन कलाको आफ्नो पछिल्लो जन्मको ज्ञान हासिल गर्न धेरै सुगम र सरल भएको छ। यो सम्मोहन प्रज्ञा तथा महाजीवन प्रज्ञा दुवै कार्यक्रम गरेपछि आफ्नो पहिलेका जन्महरूको स्मरण आउँछ। यसले गर्दा हाम्रो मनबाट जीवनप्रतिको आसक्ति बिदा हुन्छ। तब हामीहरू जीवनलाई एउटा खेलको रूपमा लिन सक्नेछौं, गम्भीररूपमा लिनेछैनौं। सबै थोक उत्सवपूर्ण हुनेछ। आफू स्वयंको अनुभवबाट एउटा अद्भुत समझ पैदा हुन्छ, होश पैदा हुन्छ, साक्षी घटित हुन्छ। हुनत प्रायः सबैले पुनर्जन्मको सिद्धान्तमाथि विश्वास गर्छन्। तर उनीहरूको विश्वास अन्धविश्वास हो। जब उनीहरूको जीवनमा सङ्कट आइपर्नेछ, तब उनीहरू व्यथित हुनेछन्, आकुलव्याकुल हुनेछन्, परेशान हुनेछन्। त्यस बेला पुनर्जन्मको सिद्धान्तले काम गर्नेछैन। तर जुन व्यक्तिले आफ्नो अनेक जन्मलाई हेरेको हुन्छ, उसको लागि यो केवल बौद्धिक सिद्धान्त मात्र हुँदैन। अब शास्त्रीय या किताबी कुरा भएन। यो कुनै सन्तको वचन, पैगम्बरको सन्देश या अवतारको वाणी होइन। अब यो स्वअनुभवको कुरा हो। यस्तो व्यक्ति फेरि मृत्युसँग डराउनेछैन। किनकि उसले आफैं मरेको अनेकौंपटक देखिसकेको छ। मृत्यु उसको लागि खेल जस्तो भइसकेको छ। यो जीवनभन्दा विराट जीवनलाई उसले जानी सकेको छ। त्यसैको नाम महाजीवन हो। ओशोको किताब "महाजीवन छ अहिले र यहीं" मा भनिएको छ- यो कुनै परलोकको कुरा नरहेको र वर्तमानमैं मौजुद रहेको छ।

सन्न्यासको अभिप्राय अब हामी पूर्णतासँग बाँच्नेछौं भन्ने हो। अब हामी समग्रतासँग बाँच्नेछौं भन्ने हो। हामी आफ्नो जीवन ध्यानपूर्वक, होशपूर्वक, भक्तिपूर्वक बाँच्नेछौं, प्रार्थना तथा अहोभावपूर्वक बाँच्नेछौं भन्ने हो। जीवनलाई एउटा सृजनात्मक, रचनात्मक मोड दिनेछौं। प्रेमपूर्ण जीवन जिउने सङ्कल्पको नाम नै नवसन्न्यास हो।

पुरानो सन्न्यास त्यागवादी, तपस्यावादी, दुःखवादी, पलायनवादी थियो। पुरानो सन्न्यास समाजबाट, परिवारबाट, जिम्मेवारीबाट, उत्तरदायित्वबाट पन्छिने बहाना थियो। पुराना सन्न्यासीहरू निराशामा जिउँछन् भने ओशोका नवसन्न्यासीहरू उत्सवमा जिउँछन्। पुराना सन्न्यासीहरू त्याग तथा कष्टमा जिउँछन्, नवसन्न्यासीहरू सुख सुविधामा जीवन जिउँछन्। जीवनको महाभोग गर्छन्। ध्यानस्थ व्यक्तिले नै जीवनको परमभोग गर्छ।

निश्चय नै यस्तो सन्न्यासमा दीक्षित हुनु पनि उत्सवको एउटा माध्यम भएकोले जब मानिसहरू सन्न्यासको दीक्षा लिन्छन्, तब आश्रममा उत्सव मनाउने गरिन्छ। किनकि अब उनीहरू नयाँ ढङ्गले आफ्नो जीवनशैली चम्काउनेतर्फ अघि बढ्छन्। अब उनीहरू सच्चिदानन्दतर्फ अग्रसर हुन थालेका छन्। अहिलेसम्मको जीवन त नाम मात्रको जीवन थियो। अब असली जीवनको सुरुआत हुँदैछ। एउटा नयाँ जन्म भइरहेको छ। यो जीवन महाजीवनमा प्रवेश भइरहेको छ।

पुरानो जमानामा यस्ता मानिसलाई द्विज भन्ने गरिन्थ्यो, किनकि मानिसको दोस्रोपटक जन्म भयो। एउटा जन्म मातापिताले दिए। यो शरीरको जन्म थियो। अर्को जन्म सद्गुरुले दिए। जब हामीभित्र शिष्यत्वको भावना जन्मन्छ र हामी साधना मार्गमा अगाडि बढ्न शुरू गर्छौं, यसलाई अर्को जन्मको प्रक्रिया भन्न सकिन्छ। अब हामी ब्राह्मण हुने दिशातर्फ हिंड्यौं।

निश्चितरूपमा यो उत्सवको कुरा हो। जब शरीर जन्मेको खुशी मनाउने गरिन्छ भने आत्माको जन्मको खुशी नमनाउने कुरै भएन। सन्न्यास महोत्सव हो। किनकि यसपछि जीवनका हरेक क्षण उत्सवमय हुनेछ र अन्त्यमा मृत्यु पनि महापरिनिर्वाण बन्नेछ। यो पनि महोत्सव हुनेछ।

क्रमशः

लघुकथा

## समयबोध

**- कृष्ण बजगाईं**

भविष्यको शहरका बारेमा नियात्रा लेख्ने योजना बनाएकोले यात्रारत थिएँ। अद्भुत दृश्यहरू देख्न थालें। त्यहाँ कुनै घर बनेको थिएन। हिंड्न मिल्ने ठाउँ थियो तर बाटोको रूपरेखा केही थिएन। पिच, ढल र बिजुली हुने कुरै भएन। ती सबै भविष्यमा बन्लान् भन्ने लाग्यो। आश्चर्यजनक दृश्यहरू हेर्दै हिंडिरहें। तिर्खा लाग्यो। एउटा धारो देखें। धारोमा पानी थिएन। घाँटी खूब सुकेको थियो। पानी खोज्दै छिटिछिटो हिंड्न थालें। नदी भएको ठाउँमा पुगें। त्यहाँ पनि पानी थिएन। सायद त्यहाँ भविष्यमा पानी बग्छ होला।

त्यहीं छेउमा भविष्यकी युवती रोइरहेको देखें। नजीकै गएर उनीसँग कुरा गरें। ती फुच्ची केटी पनि म जस्तै भविष्यको शहरमा भौंतारिएकी रहिछिन्। मैले उनलाई मसँग हिंड बाहिर निस्कने बाटो भेटिन्छ भनें। उनले मानिनन्। गोजीमा भएको चकलेट दिएपछि बल्ल मसँग जान तयार भइन्। उनलाई सहयोग गर्नुमा मेरो स्वार्थ लुकेको थियो। हामीसँगै हिंडिरहेका थियौं।

अचानक भविष्यका प्रहरीहरू देखा परे। तिनीहरूले मलाई र मसँगै रहेकी फुच्ची केटी अर्थात् भविष्यकी युवती अर्थात् भविष्यकी मेरी पत्नीलाई केरकार गरे। मैले साँचो कुरा भन्दा तिनीहरूले पत्याएनन्। बालिकालाई अपहरण गरी भविष्यमा बलात्कार गर्ने योजना बनाएको आरोप लगाए। भविष्यमा मुद्दा चलाउने गरी तिनीहरूले मलाई पक्रेर 'ब्ल्याक होल'भित्र कोचे। उसले आफ्ना आँखा मिच्दै भन्यो।

"ब्ल्याक होलमा होइन तपाईं अस्पतालको शय्यामा हुनुहुन्छ," अन्तरिक्षमा हुने ब्ल्याक होलको कुरा गर्ने बिरामीलाई चिकित्सकले सम्झाउँदै भने।

ठीक त्यही बेला औषधि लिएर नर्स आइपुगिन्। भविष्यकी पत्नी भनेर उद्धार गर्ने प्रयास गरेको फुच्ची केटी कसरी एकै छिनमा यति ठूली भई भनेर उसले उदेक मान्यो। आफ्नै मनभित्र सत्यतथ्य केलाउन थाल्यो।

"ल, यो औषधि खानोस्। भविष्यमा तपाईंको रोग निको हुनेछ," औषधिका चक्की उसलाई दिंदै नर्सले मुसुक्क हाँसेर भनिन्।

नर्सले त्यसो भन्नासाथ झसङ्ग भयो। त्यसपछि ऊ वर्तमानमा फर्कियो।

– समकालीन साहित्य

# अर्गेनोफस्फोरस प्वायजनिङ



स्वास्थ्य चर्चा

**डा शिवशङ्कर यादव**
shivshankaryadav3398@gmail.com


पाठकवृन्द गताङ्कमा विषबारे सामान्य जानकारी प्राप्त गर्‍यौं। विषहरूको सूची अनगिन्ती छ। सबैबारे बताउनु अन्तहीन वर्णन हुनेछ। त्यसैले केही मुख्य विषबारे बताउँछु जसबाट धेरै पीडितहरू अस्पताल ल्याइन्छन्। यथा अर्गेनोफेस्फोरस, मशरूम, धतुरो, सर्प र कीरा प्वायजनिंग आदि। पहिले आउनुस् अर्गेनोफस्फोरस प्वायजनिंगमा। अर्गेनोफस्फोरस ती अर्गेनिक कम्पाउन्ड हुन् जो फस्फोरसको साथ प्रतिक्रिया गरी बन्छन्। सर्वप्रथम यसलाई विश्वयुद्धमा न्युरोटाक्सिनको रूपमा १९३० मा विकास गरिएको थियो। यस विषलाई किन पहिलो चुनियो भने यो कृषिमा विभिन्न कीरा मार्ने, घरमा लामखुट्टे, साङ्लो र मुसा मार्न खोजिएको विषालु कीटानाशक, मलेरिया उन्मुलनमा प्रयोग हुने डिडिटी, घरमा उपियाँ–उडुस मार्ने डाल्फ,करेसामा छर्ने मेलाथियोन आदि यही अर्गेनोफस्फोरस हुन् र सजिलै आत्महत्या वा हत्याको लागि उपलब्ध हुन्छ।

सल्सफास यसै ग्रुपको एउटा अति शक्तिशाली रसायन गहुँ आदिमा राखिन्छ। जसरी फिनाइलको एउटा गोली पनि दराजमा राख्दा कपडा र किताब खाने एउटा पनि कीडा लाग्दैन। त्यस्तै एउटा सल्फासको गोली गहुँ वा अन्य अन्नमा राखेपछि घुन आदि लाग्दैन। यही सल्फास खाएर धेरैजना मरेको मैले अस्पतालमा देखेको छु। हाम्रो देशमा यो अर्गेनोफस्फोरस १९५१ मा प्रवेश गरेको हो। १९५८ मा मान्छेलाई यसको विषालु प्रभाव तब थाहा भयो जब कर्नाटकमा एउटा फूड प्वाजनिंग घटनामा १०० भन्दा बढी मानिस प्रभावित हुन पुगे जुन एउटा गोदाममा पीठो र चिनीको साथै फोलिडालको पैकेट पनि राखिएको थियो। फोलिडाल चुहिएर पीठो र चिनीमा मिसिन पुग्यो।

अर्गेनोफस्फोरस सास, छाला, मुख वा नसाबाट शरीरमा प्रवेश गर्न गराउन सकिन्छ। यसको मतलब छालाबाट पनि यो अवशोषित हुन्छ। त्यसैले डिडिटी छर्ने मानिसले गमबुट र ग्लोब्सहरू लगाउँछन्। नसाबाट पनि यसलाई लिन सकिन्छ। यसले मांसपेशी र नर्भको जहाँ जोड हुन्छ, त्यस गैंगलियोनमा काम गरेर कोलिन इस्टरेजलाई नष्ट पारिदिन्छ। कोलिनइस्टरेजले एसिटाइलकोलिनलाई नष्ट गर्छ जुन अब हुन सक्दैन। परिणामस्वरूप एसिटाइलकोलिन थुप्रिंदै जान्छ र विषाक्त बन्छ। अर्गेनोफस्फोरसको सारा विषाक्तता यही कारणले हुन्छ जसलाई निम्न एक्सनको रूपमा जानिन्छ : मसकेरिनजस्तो एक्शन : मस्केरिन ढुसी वा मशरूममा पाइने एउटा रसायन हो जसको एक्शनलाई अरू रसायनको लागि स्टेन्डर बनाइएको छ जसको एक्सन सेन्ट्रल र पेरिफेरल नर्भ दुवैद्वारा प्रगट हुन्छ। त्यस्तो एक्शनलाई मस्केरिनिक एक्शन भनिन्छ। अटोनोमिक नर्भस सिस्टमको दुई भाग हुन्छ, एक पारासिम्पेथेटिक जसले आरामको अवस्थालाई कन्ट्रोल गर्छ र दुई, सिम्पेथेटिक जसले कामको अवस्थालाई कन्ट्रोल गर्छ।

अर्गेनोफस्फोरसको मस्केरिनिक एक्शनमा पारासिम्पेथेटिक पोस्टगैंगलियोनिक कोलिनर्जिक तन्तुद्वारा : भोकमा कमी, वाकवाकी, बान्ता, पेट बटारिने र दुःखाइ, पसीना आउने, र्‍याल बढाउने, श्वासनलीमा सङ्कुचन गराउने र स्राव बढाउने, आँखाको नानी सङ्कुचित पार्ने, दृष्टिमा गडबडी र सायनोसिस आदि हुन्छ। सायनोसिस त्यसलाई भनिन्छ, जब रगतमा धेरै कम आक्सिजन हुन्छ रगत नीलो बन्छ जसले ओंठ, छाला र अनुहार नीलो देखिन्छ। निकोटिनजस्तो एक्शन : सुर्तीमा निकोटिन पाइन्छ। यसले जुन काम स्नायु माथि गर्छ त्यसलाई निकोटिनिक एक्शन भनिन्छ जसको प्रभाव केवल पेरिफेरल नर्भ सम्म सीमित हुन्छ। यस एक्शनले अर्गेनोफस्फोरले सिम्पेथेटिक पारागैंगलियोनिक तन्तुको उत्तेजनाद्वारा : लकवा, अर्बिकुलरीस ओकुलाई, लिभेटर पल्पेब्री र रेक्टाई नामक आँखाका मांसपेशीको फैसिकुलेशन र फिब्रिलेशन गर्छ। फेसिकुलेशनको मतलब धेरै सानो रूपमा मांसपेशी फड्कनु हो जसलाई आँखा फड्केको रूपमा सबैले महसूस गरेको हुनुपर्छ। फिब्रिलेशनको मतलब के ? मांसपेशीका तन्तुहरू आपसी सहयोगमा एक साथ सङ्कुचित हुन्छ वा फैलिन्छ। जब यही एक साथ हुँदैन र बेग्लाबेग्लै सङ्कुचित वा फैलिन्छ तब मांशपेशीको काम अनियमित भएर जान्छ। हृदयको मांसपेशीमा यो परिलक्षित हुन्छ। यसले हृदयको धडकन अनियमित, कमजोर र सामान्यभन्दा बढी हुन्छ। यसको अतिरिक्त अर्गेनोफस्फोरसले सासको तेज गति र मल वा मुत्रद्वारलाई रिलेक्स गरिदिन्छ। यसको प्रभावले केन्द्रीय स्नायुमा : चक्कर आउने, बेचैनी, ट्रेमर, एटेक्सिया (लरबराउनु), डिसओरियेन्टेशन (शरीर स्थिर राख्न नसक्नु), कोमा र मृत्युसमेत हुने गर्छ। बलड प्रोफाइरिन्युरिया : आँसु ग्रन्थिमा प्रोफाइरिन पिगमेन्ट जम्मा हुँदा रातो आँसु आउँछ। यी आधारमा अर्गेनोफस्फोरसको लक्षण ठम्याउन गाह्रो हुँदैन।

**मृत्यु नै हुन सक्ने खुराक** : विषको प्रकार अनुसार नसाबाट ५ मिलिग्राम र मुखबाट २५ देखि ५० मिलिग्राम मृत्यु गराउने कारक बन्छ। त्यस्तै मृत्यु हुने अवधि साढे एकदेखि ३ घण्टा हुन्छ। जसको मृत्यु हुँदैन उसमा अर्गेनो फस्फोरसको असर ३० घण्टासम्म रहन्छ र ४८ देखि ७२ घण्टामा असर समाप्त हुन्छ तर कहिलेकाहीं ३ सप्ताह सम्म चल्छ।



अर्गेनोफस्फोरस विषाक्ततामा मृत्यु एसफिक्सियाले मतलब रगतमा आक्सिजनको मात्रा धेरै कम हुन गएर हुन्छ र मृत्यु पछि अनुहारको कन्जेशन हुन्छ। कन्जेशन टिस्सुमा अत्यधिक रगत जमा भएको स्थितिलाई भनिन्छ। मुख, नाकमा रगत मिसिएको फिंज, फोक्सो सुन्निने, एकदम नरम हृदय, अमाशय रातो र म्युकोसा रगत लिएको हुनुको साथै आन्द्रामा पनि रगत जम्मा हुने हुनाले कन्जेस्टेड देखिन्छ। ब्रेनमा पनि रगतको थोपा देखिन्छ जसलाई पेटेचियल हेमोरेज भनिन्छ।

उपचारमा रोगी अस्पतालमा आउने बित्तिकै सेलाइन लगाइदिने त नियम नै हो, जसबाट पोषणको साथै एन्टिडोट र अन्य ओषधि दिन सकियोस्। जसै पत्ता लाग्छ कि रोगीले अर्गेनोफस्फोरस खाएको छ, जसको सूचना रोगीको मानिसबाट सोधेर वा सँगै ल्याएको शिशी वा पैकेटबाट पत्ता लाग्छ, तुरून्त उपचार र जाँच शुरू गरिदिनुपर्छ। पहिले सक्सन मेशीन चालू गरेर मुखको फिज हटाउनु पर्छ जसले एस्पिरेशन निमोनिया नहोस्। त्यसपछि गेस्ट्रिक लभाजले २ प्रतिशत पोटासियम परमैग्नेट वा ३० ग्राम सोडियम सल्फेट दिएर पेट सफा गरिन्छ। अर्गेनोफस्फोरसको कम्तिमा दुईटा एन्टिडोट छ : एट्रोपिन र प्राल्डोक्सिम जसले सीधै विषको असर उल्टाइदिन्छ। त्यो प्रयोग गर्दा आक्सिजन अवश्य दिनुपर्छ अन्यथा दिनुहुँदैन। यसको खुराक विषको असर कडा, मध्यम वा हलुका के छ त्यसको आधारमा तय गरिन्छ।। पहिले १ एम्फल एट्रोपिनको सुई दिइन्छ। कडा खाले छ भने आँखाको नानी पिनप्वाईंट हुन्छ। एट्रोपिन दिएपछि त्यो फैलिन थाल्छ र हृदयको धडकन बढ्न थाल्छ। जसै आँखाको नानी पूरा फैलिन्छ अथवा हृदयको धडकन १६० पुग्छ, एट्रोपिन बन्द गरिदिनुपर्छ अन्यथा एट्रोपिन स्वयं पनि विष भएकोले त्यसको विषाक्तता शुरू हुन्छ। एट्रोपिन केही अन्तरालमा दिइन्छ तर कुनै पनि हालतमा यो ५० मिलिग्राम भन्दा बढी हुनुहुँदैन। कडा रूपमा २ देखि ६ मिलिग्राम पहिले मासुमा वा नसाबाट र त्यसपछि २ मिलि मासुमा १० मिनटको अन्तरालमा दिइन्छ। मध्यमरूपमा २ देखि ४ मिलिग्रम मासु वा नसाबाट र २ देखि ८ मिलिग्राम १० मिनटपछि मासुमा दिइन्छ। हलुकारूपमा २ मिलिग्राम र त्यति नै २० मिनटपछि मांसपेशीमा दिए पुग्छ। दोस्रो एटिडोट प्राल्डोक्सिम हो जसलाई ३० देखि ४० मिलिग्राम प्रतिकिलो वजनको अनुसार ३० मिनटसम्म ड्रिपमा दिइन्छ र आवश्यक भए ६ देखि ८ घण्टा पछि फेरि दोहोर्‍याइन्छ। साथै रेनलफंक्शन टेस्ट गरिराख्नुपर्छ किनभने यो पिसाबबाट नै बाहिर निस्कन्छ। आक्सिजन जारी राख्नुपर्छ। आवश्यकता अनुसार कृत्रिम श्वास पनि जरूरी हुन्छ। सक्सन त सबैभन्दा बढी जरूरी हुन्छ। यदि सिक्रिशन यति बढी छ कि श्वास नली नै बन्द हुन पुगेको छ भने ट्रेकियोस्टोमी गर्नुपर्छ। डिहाइड्रेशन र इलेक्ट्रोलाइट असन्तुलनलाई र साकको उचित बन्दोबस्त गरिराख्नुपर्छ। छटपटी छ भने डाइजेपाम दिने गरिन्छ। मार्फिन वा एमाइनोफाइलिन यहाँ वर्जित छ। पूरै रिकभरीको लागि २ देखि ३ महीना लाग्छ। यस कारण के देखिन्छ भने बिरामी डिस्चार्ज भएर घर गएको १० दिनपछि उसको अचानक मृत्युसमेत भयेको देखियेको छ। बिमारी ठीक भयो भन्ने भ्रमयुक्त लापरवाहीको परिणाम हो यो। यस्तो खतरनाक हुन्छ अर्गेनोफस्फोरसको विषाक्तता। रोकथामको लागि औषधि छर्नेले ग्लोब्स र बुट त लगाउनुपर्छ नै, त्यस अवधि भरि खाना पनि खानुहुँदैन। त्यस्तै धेरै घण्टासम्म एउटै मान्छेले स्प्रे पनि गर्नुहुँदैन। पूरै रिकभरी हुन ३ महीना लाग्ने हुनाले हरेक १०/१५ दिनमा कोलिनइस्टरेजको जाँच गरी त्यस अनुसार पाइला चाल्नुपर्छ। अस्तु !

# मायालुको सम्झनामा

**– हरिकृष्ण बराल**

हालखबर के छ भन्दा बाँचेकै छु हाँसेकै छु।
भित्र मनले रोए पनि बाहिर मुखले हाँसेकै छु।
कोमल माया थियौ तिमी गुलाबको फूल जस्तो।
सुनिरहुँ जस्तो लाग्ने सारङ्गीको धुन जस्तो।

टिपी लाँदा अरूले नै म त हेरी बसिरहें।
तिम्रो कोमल मायालाई मुटुभित्रै साँचिरहें।
रङ्गीचङ्गी फूलबारीमा रमाइलो गर्नु तिमी।
कहिलेकाहीं मलाई सम्झी आँसु बनी झर्नु तिमी।

के छ तिम्रो मनभित्र ? के छ तिम्रो दिलभित्र ?
सजाएर राखेको छु मनमा तिम्रो सुन्दर चित्र।
तिम्रो कोमल हृदयलाई सम्झिरहन्छु सधैंभरि।
पर्खी बस्छु अर्को जुनी तिमी मेरै हुन्छौ भनी।

वीरगंज– १२, मुर्लीबगैंचा

# घैंटाको पिउँदा कुन रोग निको हुन्छ ?



घैंटाको पानीमा थुप्रै गुण हुन्छन्। यसको पानीले प्राकृतिक शीतलता दिन्छ, तिर्खा मेटाउँछ। माटोको घैंटाको पानी नियमितरूपमा पिउँदा वजन घटाउँछ भने पेटको ग्याँसबाट राहत पाउन सकिन्छ। घैंटाको पानीले शरीरलाई सन्तुलित राख्ने अधिकतम पोषक तत्त्वहरू भण्डार गर्न मदत गर्छ। घैंटाको पानी लगातार पिउनाले छाला स्वस्थ्य, चम्किलो र सुन्दर बनाउन मदत गर्छ।

घैंटाको पानीमा क्याल्शियम बढी हुन्छ, जसले आन्द्रालाई स्वस्थ राख्न मदत गर्छ। यसका साथै यसले आन्द्रामा रहेका हानिकारक ब्याक्टेरियालाई पनि मार्न सक्षम हुन्छ। घैंटाको पानीमा पाइने तत्त्वहरूले तनाव कम गर्छ र शरीरलाई शान्ति दिन्छ। त्यसैले नियमितरूपमा घैंटाको पानी पिउनुपर्छ।

# समीरको 'पैसाको उडान' बजारमा

काठमाडौं, १४ वैशाख/रासस

साहित्यकार रवीन्द्र समीरको उपन्यास 'पैसाको उडान' प्रकाशनमा आएको छ।

लघुकथामा आफ्नो परिचय बनाइसकेका समीरको प्रस्तुत ५६ अध्याय रहेको कृति 'मृत्युको आयु' र 'कोरोनातन्त्र' जस्तै लघुकथा शैलीमा लेखिएको छ।

अकल्पनीयरूपमा अर्बपति भएको एक नेता पैसाले खुशी, इज्जत, भोक, निद्रा, भावना, मुस्कान, आँसुजस्ता अभौतिक वस्तु किन्ने दौडमा रहन्छ र उसको मानसिकता (बाँकी अन्तिम पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## प्रचण्ड गर्मीबीच भारतमा दोस्रो चरणको मतदान शुरू

मथुरा (भारत), १४ वैशाख/एएफपी

भारतमा छ साता लामो चुनावी अभियान शुक्रवार पुनः शुरू भएको छ। प्रचण्ड गर्मीबाट प्रभावित मुलुकका केही भागमा लाखौं मतदाता मतदान केन्द्रबाहिर लाइनमा उभिएका थिए।



जूनको प्रारम्भमा सम्पन्न हुने निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकाल जित्ने अपेक्षा गरिएको छ। यद्यपि गत साताको पहिलो चरणको मतदानमा सन् २०१९ को पछिल्लो निर्वाचनभन्दा करीब चार अङ्क झरेर ६६ प्रतिशत मत खसेको छ। भारतीय मिडिया आउटलेटहरूले औसतभन्दा धेरै तापक्रमका कारण कम मतदान भएको अनुमान गरेका थिए।

मतदान पुनः शुरू हुनुभन्दा केही समय अघि प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमा जनतासँग गर्मी भए पनि 'कीर्तिमान सङ्ख्या' मा मतदान गर्न आग्रह गरे। सामाजिक सञ्जाल प्लेटफर्म एक्समा उनले लेखेका छन्–"उच्च मतदानले हाम्रो लोकतन्त्रलाई बलियो बनाउँछ, तपाईंको मत तपाईंको आवाज हो।"

विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको भारतमा निर्वाचन गराउने ठूलो बोझ कम गर्न चरणबद्ध मतदान अन्तर्गत दोस्रो चरणको मतदान शुरू भएको हो। दोस्रो चरणको मतदानमा यो साता ४० डिग्रीभन्दा माथि तापक्रम रहेका जिल्ला समावेश छन्। भारतको मौसम ब्युरोले सप्ताहन्तसम्म धेरै राज्यमा भीषण गर्मी जारी रहने बिहीवार बताएको छ।

दोस्रो चरणको मतदानमा पूर्वी राज्य बिहारका केही भाग समावेश छन्। यहाँ पाँच जिल्लामा शुक्रवार मतदान हुँदैछ। यहाँ यो साता मौसमी औसतको तुलनामा ५.१ डिग्री सेल्सियसभन्दा धेरै तापक्रम रेकर्ड गरिएको छ।

दक्षिणमा कर्नाटक राज्य र भारतको सबैभन्दा धेरै जनसङ्ख्या भएको राज्य तथा हिन्दू आस्थाको केन्द्र उत्तर प्रदेशका केही भागमा पनि गर्मीको लहरको सामना गर्दै मतदान गर्ने तालिका रहेको छ।

यसै साताको प्रारम्भमा भारतको निर्वाचन आयोगले प्रत्येक चरणको मतदान अघि गर्मीको लहर र आर्द्रताको प्रभावको समीक्षा गर्नका लागि कार्यदल गठन गरेको बताएको थियो। द हिन्दू अखबारले प्रचण्ड गर्मीका कारण 'मतदान प्रतिशतमा गिरावट आउन सक्छ' भन्ने चिन्ताका कारण यस्तो निर्णय लिइएको हुन सक्ने बताएको छ।

सोमवार एक विज्ञप्तिमा आयोगले शुक्रवारको मतदानमा तातो तापक्रमको प्रभावबारे 'कुनै ठूलो चिन्ता नभएको' बताएको थियो। तर मौसमको रिपोर्टहरूलाई नजीकबाट अनुगमन गरिरहेको र 'मतदान कर्मचारीका साथै मतदाताहरूको आराम र कल्याण' सुनिश्चित गर्ने विज्ञप्तिमा उल्लेख छ।

यस साता दक्षिण र दक्षिणपूर्वी एशियाका केही भागमा तातो मौसमले असाधारण असर पुर्‍याएको छ। अत्यधिक गर्मीका कारण फिलिपिन्स र बङ्गलादेशमा विद्यालयहरू बन्द गरिएका छन्।

भारतको महाराष्ट्र राज्यमा प्रधानमन्त्री मोदीको ग्यालीमा सडकमन्त्री नितिन गडकरी बेहोश हुँदा बुधवार गर्मीका कारण चुनावी प्रचारप्रसारमा बाधा पुगेको थियो। घटनाको फुटेजमा मन्त्री बेहोश हुँदै गरेका र सञ्चालकहरूले उनलाई मञ्चबाट बाहिर लैजाँदै गरेको देखाइएको छ। पछि उनले गर्मीका कारण बेहोश भएको बताए।

जलवायु परिवर्तनका कारण गर्मीको लहर लामो, लगातार र बढी तीव्र हुँदै गरेको वर्षौंको वैज्ञानिक अनुसन्धानबाट पत्ता लागेको छ।

**जनादेश खोज्दै गाँधी**

भारतको प्रमुख विपक्षी काङ्ग्रेस पार्टीका नेता राहुल गाँधीको निर्वाचन क्षेत्रमा पनि शुक्रवार मतदान हुँदैछ। मोदीको भारतीय जनता पार्टी (भाजपा) का विरोधीहरूको गढ रहेको दक्षिणी राज्य केरलमा आफ्नो सिट कायम राख्न ५३ वर्षीय गाँधी लडिरहेका छन्।

"संविधानको सिपाही बन्नु, घरबाट बाहिर निस्कनु र लोकतन्त्रको रक्षाका लागि मतदान गर्नु प्रत्येक नागरिकको कर्तव्य हो"–उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्।

गाँधी पूर्वप्रधानमन्त्रीहरूका छोरा, नाति र पनाति हुन् तर उनको काङ्ग्रेस पार्टीले पछिल्ला दुई आम निर्वाचनमा मोदीविरुद्ध भारी पराजय भोगेको छ।

भारतमा ९६ करोड ८० लाखभन्दा बढी मतदाता छन्। अन्तिम चरणको मतदान जून १ मा हुनेछ र तीन दिनपछि नतीजा आउने अपेक्षा गरिएको छ। रासस

## उत्तर कोरियाली नेता किमद्वारा मल्टिपल रकेट लन्चरको परीक्षण निरीक्षण

सोल, १४ वैशाख/एएफपी

उत्तर कोरियाका नेता किम जोङ उनले मल्टिपल रकेट लन्चर परीक्षणको निरीक्षण गरेका सरकारी सञ्चारमाध्यमले शुक्रवार बताएको छ। प्योङयाङले रूसलाई हतियार आपूर्ति गरेको आरोप लगाइएपछि यो पछिल्लो हतियार परीक्षण हो।

धेरै हदसम्म एक्लो परेको उत्तर कोरियाले हालै मस्कोसँग सैन्य सम्बन्ध बलियो बनाएको छ। साथै उसले यसै महीना आफूविरुद्ध अन्तर्राष्ट्रिय प्रतिबन्धको अनुगमन गर्ने संयुक्त राष्ट्र विशेषज्ञहरूको एउटा प्यानलको नवीकरण रोक्न भिटो प्रयोग गरेकोमा रूसलाई धन्यवाद दिएको छ।

दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले उत्तर कोरियामाथि रूसलाई हतियार आपूर्ति गरेको आरोप लगाउँदै आएका छन्। संयुक्त राष्ट्रसङ्घले त्यस्तो कुनै पनि कदमलाई प्रतिबन्ध लगाएको छ। आणविक हतियारसम्पन्न उत्तर कोरियाले युक्रेनमा प्रयोग गर्नका लागि रूसमा पठाउनु अघि क्रूज मिसाइलहरूको परीक्षण र उत्पादन बढाउन सक्ने विश्लेषकहरूले बताएका छन्।

आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसएनए) का अनुसार प्योङयाङको नयाँ रक्षा उद्योग एकाइमा बनाइएका 'मल्टिपल रकेट लन्चरको २४० एमएम शेल' को 'उडान सुविधाहरू र हिट तथा एकाग्रता सूचकहरू' परीक्षणका क्रममा 'अत्यन्त सन्तोष रहेको मूल्याङ्कन' गरिएको थियो।

नेता किमले यस वर्षका लागि युद्ध सामग्री उत्पादन योजना निश्चितरूपमा गुणात्मक ढङ्गले पूरा गर्नुपर्ने आवश्यकतामा जोड दिएको केसिएनएले बताएको छ। "नयाँ प्रविधिसहितको रकेट लन्चरले उत्तर कोरियाको सेनाको आर्टरी बललाई बलियो बनाउन रणनीतिक परिवर्तन ल्याउने छ"–किमको भनाइ उद्धृत गर्दै केसिएनले भनेको छ।

यसै साताको प्रारम्भमा किमले मुलुकको पहिलो 'आणविक ट्रिगर' अभ्यासको निरीक्षण गरेका प्योङयाङले बताएको छ। यसमा दुश्मनहरूलाई चेतावनीका रूपमा आणविक जवाफी हमलाको अनुकरण सामेल थियो।

सोलमा उत्तर कोरियाली अध्ययन विश्वविद्यालयका अध्यक्ष याङ मु–जिनले शुक्रवारको घोषणाको आधारमा उत्तर कोरियाले दक्षिण कोरियाको राजधानी क्षेत्रलाई लक्षित गरी सटीक आक्रमणका लागि मार्गदर्शन प्रविधिलाई एकीकृत गर्न 'केही प्रगति' हासिल गरेको बताए। "सम्पूर्ण मुलुक मिसाइल रक्षा उद्योग प्रदर्शनीजस्तो देखिन्छ"–उनले भने।

गत वर्ष उत्तर कोरियाले सन् २००६ देखि लागू राष्ट्रसङ्घीय प्रतिबन्धको बेवास्ता गर्दै तथा वाशिंगटन र सोलले चेतावनी दिए पनि रेकर्ड सङ्ख्यामा मिसाइल परीक्षण गरेको थियो। प्योङयाङले सन् २०२२ मा आफैंलाई 'अपरिवर्तनीय' आणविक हतियार सम्पन्न मुलुक घोषणा गरेको छ।

यसै वर्ष प्योङयाङले दक्षिण कोरियालाई आफ्नो 'प्रमुख शत्रु' घोषणा गरेको छ। पुनर्मिलन र पहुँचका लागि समर्पित एजेन्सीहरूलाई अलग गरेको छ र '०.००१ मिमी' क्षेत्रीय उल्लङ्घनमा समेत युद्धको धम्की दिएको छ। रासस




## ट्राफिक सचेतना कार्यक्रम

प्रस, वीरगंज, १४ वैशाख/

समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र मुर्लीले शुक्रवार वीरगंज–१३ पावरहाउस चोकमा ट्राफिक सचेतनामूलक कार्यक्रम गरेको छ।



तस्वीर: सौजन्य

तीव्र गतिमा मोटरसाइकल नचलाउन, ओभरटेक नगर्न, मादक पदार्थ वा लागू पदार्थ सेवन गरी सवारी नचलाउन, ट्राफिक नियम पालना गर्न, सवारीसाधन चलाउँदा मोबाइलमा कुराकानी नगर्न आदि सचेतना लेखिएका सय थान पर्चा पनि वितरण गरिएको थियो।

कार्यक्रममा केन्द्रका सचिव कुलनारायण प्रधान, प्रहरी, ट्राफिक प्रहरीलगायतले चालक तथा सर्वसाधारणलाई ट्राफिक नियमबारे सचेत बनाएका थिए।

## आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुभय | कर्कट – खिन्नता |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – कान्तिक्षय | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## टेम्पो सवारीसाधन भाडामा लिने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सिलबन्दी दरभाउपत्र नं. NDCL/Brgunj/SQ–02/080–81

प्रथमपटक सूचना प्रकाशन मिति २०८१–०१–१४

१. नेपाल टेलिकम, दूरसञ्चार कार्यालय वीरगंज अन्तर्गतका कार्यालयहरूलाई आवश्यक सवारीसाधन टेम्पो भाडामा लिनको लागि यो सिलबन्दी दरभाउपत्र आह्वान गर्छ।
२. सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक र योग्य दरभाउपत्रदाताहरूले थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्रसम्बन्धी फाराम खरीद गर्नको लागि दूरसञ्चार कार्यालय वीरगंज, घण्टाघर, पर्सा, नेपालमा सम्पर्क गर्न सकिनेछ। टेलिफोन नं ९७७–०५१–५२७५६० फ्याक्स ९७७–०५१–५२००००।
३. योग्य दरभाउपत्रदाताले मिति २०८१/०१/२८ दिनको ३ बजेभित्रमा नेपाल टेलिकम, दूरसञ्चार कार्यालय वीरगंज, घण्टाघरको काउन्टरमा रु ३,०००।०० (तीन हजार मात्र) (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्रसहित लिखित निवेदन नेपाल टेलिकम, दूरसञ्चार कार्यालय वीरगंज, घण्टाघर, पर्सामा पेश गरी सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात खरीद गर्न सक्नेछ।
४. सिलबन्दी दरभाउपत्र मिति २०८१/०१/२८ गतेको १७:०० बजेभित्र नेपाल टेलिकम, वीरगंज, घण्टाघर, पर्सामा दर्ता गर्नुपर्नेछ। उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका सिलबन्दी दरभाउपत्र दूरसञ्चार कार्यालय अस्वीकृत गरिनेछ।
५. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरू मिति २०८१/०१/३० गते दिनको ११:०० बजे उपस्थित हुन चाहने दरभाउपत्रदाताका प्रतिनिधिहरूको रोहबरमा नेपाल टेलिकम, दूरसञ्चार कार्यालय वीरगंज, घण्टाघर, पर्सामा खोलिनेछ।
६. सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुनेगरी कम्तीमा ४५ दिन हुनुपर्नेछ।
७. सिलबन्दी दरभाउपत्र प्रस्तावको साथमा रु २५,०००।०० (अक्षरेपि नेरु पच्चीस हजार मात्र)को दरभाउपत्र जमानत अनिवार्यरूपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि ९० दिनको हुनुपर्नेछ।
८. सिलबन्दी दरभाउपत्रदाताले जमानतबापत नगदै राख्न चाहेमा श्री नबिल बैंक लिमिटेड, वीरगंज, आदर्शनगर, पर्सामा रहेको खाता नं ०५०१०११००३१०३ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।
९. सिलबन्दी दरभाउपत्र खरीद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साबिककै मितिदेखि गणना गरिनेछ।

# पोखरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा
मधेस प्रदेश, नेपाल

## सार्वजनिक पोखरीको ठेक्कासम्बन्धी सिलबन्दी बोलपत्र आह्वान

पहिलोपटक प्रकाशित सूचना मिति– २०८१/०१/१४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा यस पोखरिया नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १० (क) बमोजिम यस नगरपालिकाको स्वामित्वमा रहेका देहाय सार्वजनिक पोखरीको आव २०८०/८१ को बाँकी अवधिदेखि आव २०८४/८५ सम्मको लागि ठेक्का बन्दोबस्त सिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले पोखरिया नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/६/४ गते बसेको बैठकको निर्णय नं १ अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू**

१. यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले १५औं दिनभित्र यस कार्यालयबाट तपसिलमा उल्लेख गरे अनुसार रु १०००।– रकम नगदै तिरी (पछि फिर्ता नहुने गरी) पान नं प्राप्त इच्छुक व्यक्ति, फर्महरूले यस कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ।
२. ठेक्काको लागि बोलपत्र १६औं दिन दिनको १:०० बजेसम्म नेपाली नागरिकताको प्रतिलिपि तथा आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक, पोखरिया शाखामा रहेको धरौटी खाता नं ०००२०११८९८५७०३६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखी सिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनुपर्नेछ।
३. यसरी दर्ता भएका सिलबन्दी बोलपत्र सोही दिन १६औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। बोलपत्र पोखरिया नगरपालिकाको कार्यालय पर्सामा खोलिनेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता तथा बोलपत्र खोलिनेछ। कार्यालय वा अख्तियारप्राप्त अधिकृतबाट प्रमाणित दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ।
४. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाइ मिनाहा वा क्षतिपूर्तिसम्बन्धी कुनै शर्त स्वीकार्य हुनेछैन।
५. कबोल अङ्कको १३ प्रतिशत मूअकर र १५ प्रतिशत अग्रिम आयकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ।
६. कारण जनाइ वा नजनाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रीत नपुगी आएको बोलपत्रउपर कुनै कारबाई हुनेछैन।
७. आफूले कबोल गरेको ठेक्का रकम एकमुस्ट बुझाएमा नियमानुसार १० प्रतिशत छुट दिइनेछ।
८. अन्य विस्तृत शर्तहरूको हकमा यस कार्यालयमा बुझ्न सकिनेछ।
९. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ३० प्रतिशतले हुन आउने रकम चलनपुर्जी लिने दिनमा नगदै यस कार्यालयको आन्तरिक स्रोत खातामा जम्मा गर्नुपर्नेछ। दोस्रो किस्ताबापत २० प्रतिशत रकम २०८१ कात्तिक मसान्तभित्र बुझाउनुपर्नेछ। तेस्रो किस्ता २०८२ कात्तिक मसान्तसम्म २० प्रतिशत रकम बुझाउनुपर्नेछ। चौथो किस्ता २० प्रतिशत रकम २०८३ कात्तिक मसान्तभित्र बुझाउनुपर्नेछ र बाँकी १० प्रतिशत रकम २०८४ कात्तिक मसान्तभित्र बुझाउनुपर्नेछ। ठेकेदारले पहिलो किस्ताबापतको कबोल अङ्कको ३० प्रतिशत रकम दाखिला गरी बाँकी ७० प्रतिशत रकमको २०८४ असार मसान्तसम्म म्याद भएको नेपाल अधिराज्यका कुनै पनि मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बन्ड (बैंक ग्यारेन्टी) पेश गरी सम्झौता गर्नुपर्नेछ।
१०. सम्बन्धित पोखरीको सामान्य मर्मतसम्भार आफैं गर्नुपर्नेछ।

तपसिल

| ठेक्का नं | पोखरी रहेको स्थान | न्यूनतम कबोल अङ्क | बोलपत्र दस्तुर |
|---|---|---|---|
| १२/२०८०/८१ | साबिक गाविस शिवबर्वा वडा नं १ हाल पोखरिया नपा–१० मा रहेको सार्वजनिक पोखरी | ११,००,०००/– | १,०००/– |

**अजयकुमार श्रीवास्तव**
(निमित्त प्रमुख प्रशासकीय अधिकृत)



वीरगंज महानगरपालिका र बहुदरमाई नगरपालिकाका विभिन्न वडामा रहेका चापाकलहरू धमाधम सुक्न थालेका छन्। जसले गर्दा पिउने पानीको चरम अभाव भएको छ। तस्वीरः नितेश कर्ण

# मटिहानीका आगलागीपीडितलाई राहत सामग्री वितरण

नितेश कर्ण, वीरगंज, १४ वैशाख/

मटिहानी नगरपालिका–६ जरलहवाका आगलागीपीडितहरूलाई शुक्रवार सेभ द चिल्ड्रेन र युके एडको सहयोग तथा मटिहानी नगरपालिका एवं रतौली युवा क्लबको समन्वयमा राहत सामग्री वितरण गरिएको छ। महोत्तरी जिल्ला समन्वय एकाइका प्रमुख सुमनलाल कर्ण, नगरप्रमुख हरिप्रसाद मण्डल, नेपाली सेना परिकौली ब्यारेकका कर्नेल विशेष पौडेल, सेभ द चिल्ड्रेन बर्दिबास कार्यालयका प्रमुख घना भुसाललगायतले आगलागीपीडितलाई सरसफाइ सामग्री किट, भाँडाबर्तनको सेट, बालबालिकाहरूको लागि आवश्यक सामग्री वितरण गरेका थिए।



## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |


## मुखको स्वास्थ्यमा ध्यान दिऔं

**दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदाः**

- चिनीयुक्त वा दाँतमा टाँसिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराइडयुक्त टुथपेस्टले दुई मिनेटसम्म दिनको दुईपटक ब्रश गरौं,
- खाना खाइसकेपछि राम्रोसँग ब्रश वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मदतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तीजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

**नियमितरूपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौ र बचाऔं।**

नेपाल सरकार

विज्ञापन बोर्ड



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA Exhilarating Hospitality Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### १७६८ ग्राम ...

रेग्मीले जानकारी दिए। बिहीवार साँझ काठमाडौंको इन्द्रचोकबाट पक्राउ परेका उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले आज पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो।

### समीरको ....

विचलनमा आउँछ। सँगै राजनीति गरेको सुदामाको आदर्श जीवनलाई पनि उपन्यासका हरेक कथामा सँगसँगै बुनिएको छ।

शिखा बुक्सले प्रकाशन गरेको कृतिमा पैसाको महत्त्व मात्र नभई सीमितताबारे मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ। विज्ञान, प्रविधि र कृत्रिम बौद्धिकताको विकासले मानव सभ्यतामाथि के कस्तो प्रभाव पार्न सक्छ र अत्यधिक पैसाले जीवनमा के कस्ता दुष्प्रभाव पार्छ भन्ने कोणबाट उपन्यास लेखिएको छ।

चिकित्सा क्षेत्रमा डा रवीन्द्र पाण्डे नामले चिनिएका र युवा वर्ष मोती, उत्तम शान्ति, पद्मश्री र अनेसास पुरस्कार, नेपाल विद्याभूषण पदकलगायत तीन दर्जन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार–सम्मान प्राप्त गरेका समीरका यसअघि ‘अर्जुनदृष्टि’, ‘ईश्वरका कथा’, ‘अणु र पहाड’, ‘ग्रेटवालको ग्रेट अनुभूति’, ‘भूकम्पमा मल्हमपट्टी’, ‘एकलव्य दृष्टि’ लगायत १४ वटा साहित्यिक कृति प्रकाशन भइसकेका छन्।

## अन्तिम संस्कारको सुचना

मेरो पुज्यनीय पिताजी (साविक कलैया उपमहानगर) हाल वीरगंज महानगर–४ सिगरेट फैक्ट्री निवासी घनश्याम (सीताराम) टेमानीको वैशाख १३ गते बिहान निधन भएको छ। अतः वहाको अन्तिम संस्कारका लागि वैशाख १५ गते शनिवार बिहान ८ बजे अशोक वाटिकाका लागि मलामी निस्कने व्यवहोरा जानकारीको लागि अनुरोध छ।

प्रार्थी

राजेश टेमानी (छोरा)

# खेलकूदको संसार

## गणेशमान सिंह क्रिकेट : सुदूरपश्चिम विजयी

काठमाडौं, १४ वैशाख/रासस

वीर गणेशमान सिंह टी–२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश बाग्मती प्रदेशलाई पराजित गर्दै विजयी भएको छ।

मूलपानी क्रिकेट मैदानमा शुक्रवार भएको लिग चरणको अन्तिम खेलमा सुदूरपश्चिमले बाग्मतीलाई तीन विकेटले पराजित गर्दै प्रतियोगितामा जीत हासिल गरेको हो।



तस्वीरः सौजन्य

बाग्मतीले प्रस्तुत गरेको ७१ रनको सामान्य लक्ष्य सुदूरपश्चिमले १० दशमलव दुई ओभरमा सात विकेट गुमाउँदै पूरा गर्‍यो। सुदूरपश्चिमका लागि गजेन्द्र बोहरा र वसन्त कार्कीले समान १७/१७ रन बनाए भने नरेन साउदले १० रन बनाए। बाग्मतीका लागि इशान पाण्डेले तीन विकेट लिंदा रिजन ढकालले दुई तथा सोनु देवकोटाले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बाग्मतीले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ७० रनको योगफल बनाएको थियो। बाग्मतीका लागि सोनु देवकोटाले सर्वाधिक ३५ रनको योगदान दिए। त्यस्तै, रिजन ढकालले १७ रन जोड्नुबाहेक अन्य खेलालीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

सुदूरपश्चिमका लागि भोजराज भट्टले चार विकेट लिए भने हेमन्त धामीले तीन विकेट लिए। त्यस्तै, शेर मल्लले दुई तथा नारायण जोशीले एक विकेट लिए।

## धुलिखेलमा भोलिदेखि राष्ट्रिय महिला हक्की प्रतियोगिता

काभ्रेपलाञ्चोक, १४ वैशाख/रासस

धुलिखेलमा भोलिदेखि राष्ट्रिय महिला हक्की प्रतियोगिता हुने भएको छ। धुलिखेलको खेलमैदानमा हुने छैटौं सहाना प्रधान स्मृति हक्की प्रतियोगिताको तयारी पूरा भएको हक्की सङ्घ काभ्रेपलाञ्चोकले जनाएको छ। पाँच दिन सञ्चालन हुने प्रतियोगितामा प्रदेशस्तरका पाँच समूहका ९० खेलाडी सहभागी हुनेछन्।

प्रतिसमूह १६ खेलाडी र दुईजना अफिसियल सहभागी हुने हक्की सङ्घका जिल्ला अध्यक्ष स्वस्तिक ब्याञ्जूले जानकारी दिए। प्रतियोगितामा नेपाल आर्मी, बाग्मती, गण्डकी, लुम्बिनी, मधेस र सुदूरपश्चिम प्रदेशका खेलाडीको सहभागिता रहने जनाइएको छ। नेपाल आर्मीका तर्फबाट १२० जना सहभागी हुनेछन्।

सहभागी टीमलाई दुई समूहमा विभाजन गरी ‘लिग कम नकआउट’ आधारमा खेलाइनेछ। यस्तै, समूह चरणबाट शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। सङ्घका केन्द्रीय अध्यक्ष अनिल शर्माले प्रतियोगिताको विजेतालाई रु एक लाख, उपविजेतालाई रु ७५ हजार र तेस्रो हुनेलाई रु ५० हजार नगद पुरस्कार प्रदान गरिने बताए।

हरेक खेलका ‘प्लेयर अफ दी म्याच’ले रु पाँच हजार नगद पाउनेछन्। उत्कृष्ट डिफेन्डर, गोलरक्षक, सर्वाधिक स्कोरकर्ता र उदीयमान खेलाडीले जनही रु १० हजार नगद पुरस्कार पाउने आयोजकले जनाएको छ। प्रतियोगिता सञ्चालनार्थ राष्ट्रिय खेलकूद परिषद्, धुलिखेल नगरपालिका र विभिन्न संस्थाले सहयोग गरेका छन्।

यसैबीच, अन्तर्राष्ट्रियस्तरको हक्की रङ्गशाला निर्माण गर्न धुलिखेलमा जग्गा व्यवस्थापन गरिने भएको छ। त्यसका लागि नगरपालिकाले वडा नं १२ स्थित खेलमैदान उपलब्ध गराउने नगरप्रमुख अशोक ब्याञ्जूले बताए। बाग्मती प्रदेशस्थित खेलकूद विकास परिषद्ले रङ्गशालाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरिरहेको छ।

शर्माका अनुसार तीन वर्षमा तीन चरणमा रङ्गशाला निर्माण हुनेछ। रङ्गशालाको पहिलो चरणमा ग्राउन्ड, दोस्रोमा प्याराफिट र अन्तिममा ‘होसटेल’ निर्माण हुनेछ। रङ्गशाला करीब रु ८० करोड लागतमा तयार हुने अनुमान गरिएको छ।

# चितवनमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण

प्रस, वीरगंज, १४ वैशाख/

‘नेपाल–भारत विकास सहकार्य’ अन्तर्गत भारत सरकारको नेरु ३.६७४ करोड आर्थिक सहयोगमा चितवनको खैरहनी नगरपालिकामा निर्माण गरिएको ‘The Embankment and Launching Apron Dhungre Khola River Training Works’ परियोजनाको शुक्रवारण खैरहनी नगरपालिकाका प्रमुख शशीकुमार खनिया र भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव अविनाशकुमार सिंहले संयुक्तरूपमा उद्घाटन गरे।

स्थानीय समुदायका मानिसहरूका लागि भनेर चितवनको खैरहनी नगरपालिकामा पर्ने ढुङ्ग्रे खोलामा तटबन्ध र खोलाको बहावलाई नियमन गर्न एवं नियन्त्रणमा राख्न खोला किनारा वरपर बनाइने संरचनाको निर्माणमा उपयोग गरिएको थियो। भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा अघि बढाइएको हो। यो परियोजना चितवनको खैरहनी नगरपालिकामार्फत कार्यान्वयन गरिएको हो। यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एक महत्त्वपूर्ण दृष्टान्तको रूपमा रहेको छ।

कार्यक्रममा नगरप्रमुख र परियोजना उपभोक्ता समितिका प्रतिनिधिले प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उन्नतिका लागि भारत सरकारले पुर्‍याउँदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गरे।

यो उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माणले खेतीयोग्य जमीनको कटान, वनफँडानी, अनियन्त्रित खोलाको बहाव, बाढीका कारण स्थानीयले बारम्बार आफ्नो थातथलो छोड्नुपर्ने बाध्यता रोकिनुका साथै नदीको गतिसँग सम्बन्धित जोखिम न्यूनीकरण गर्न र प्राकृतिक विपद्विरुद्ध जुझ्न, पूर्वतयारी गर्न र सहनशील बन्न मदत गर्ने भारतीय राजदूतावासले जनाएको छ।



तस्वीरः सौजन्य

### गण्डकी ...

व्यवसायको प्रवर्द्धन गर्ने लक्ष्य यस टोलीको रहेको बताइन्।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले पर्यटन उद्योगको विकासका लागि साझा सहकार्य र समन्व्यका लागि जोड दिए। अध्यक्ष अग्रवालले पोखरा पर्यटन राजधानीको रूपमा घोषण भएकोमा बधाई दिंदै मधेस प्रदेशमा रहेका धार्मिक, ऐतिहासिक स्थलहरूको महत्त्वका बारेमा जानकारी गराएका थिए।

स्थल मार्गबाट आउने पर्यटकहरूलाई सिमावर्ती क्षेत्रमा सहजीकरण गर्ने तर्फ राज्य सम्यन्त्रको भुमिका जुन रूपमा देखिनु पर्ने हो सो हाल सम्म पनि अनुभुती गर्न नपाएको बताउँदै भारतीय पर्यटकहरूले आफुसंग लिएर आउने नगद रुपियाँको परिमाण बढाउन सरकारको ध्यानाकर्षण गराएका थिए।